जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक १६३ • २०८१ साल कार्त्तिक २४ गते शनिबार (9 November, Saturday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## आस्थाको महापर्व छठ सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम । उदाउँदो सूर्यलाई अर्घ दिँदै छठ पर्व सम्पन्न भएको छ । बिहीबार साँझ अस्ताउँदो सूर्यलाई अर्घ दिएका व्रतालुले शुक्रबार बिहान उदाउँदो सूर्यलाई अर्घ दिएपछि छठ पर्व सम्पन्न भएको छ । छठ पर्वका लागि दुल्ही झैँ सिँगारिएको तराई-मधेशका अधिकांश पोखरी, ताल तलाउ, खोला र नदीमा श्रद्धालुहरूको घुइँचो लागेको थियो ।

चार दिनसम्म मनाइने छठ पर्व कार्तिक शुक्ल चतुर्थीको दिनदेखि सुरु भइ कार्तिक शुक्ल सप्तमी तिथिका दिन सम्पन्न हुन्छ । छठ पर्वको पहिलो दिन 'नहाय खाय' विधि गरिन्छ । मिथिलाञ्चलवासीका लागि प्रमुख पर्वमध्ये छठ पर्व पनि एक मानिन्छ । जसरी दीपावलीको तयारी १५ दिनअघिदेखि सुरु हुने गर्दछ त्यसरी नै छठ पर्वको तयारी पनि एक हप्ता पहिलेदेखि नै सुरु हुने गर्दछ ।

गरिब, धनी, दलित एवं उँचनिचको ख्याल नगरी यो पर्व समाजमा रहेका सबै वर्ग एकसाथ मिलेर मनाउने गरेका छन् ।

# नेतासित दुरी बढाउँदै साधु

## मंसिर १ मा तिलक जाने, २१ मा विवाह महोत्सव, मुख्यमन्त्री अन्योलमा

**टुडे समाचारदाता**

जनकपुरधाम । भगवान सीताराम महोत्सवमा जन्ती आउन अयोध्याका सन्तमहन्तलाई आमन्त्रण गर्न मंसिर १ गते जानकी मन्दिरबाट तिलक लगिने भएको छ ।

हरेक ५ वर्षमा सीताराम विवाह महोत्सवको अवसरमा अयोध्याबाट जन्ती आउने गरेको छ । जन्तीमा अयोध्याबाट विशिष्ट सन्तमहन्तहरु आउने गर्छन् । विगतमा विवाह महोत्सवमा भारत उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथ सहभागी भएका थिए ।

मिथिलामा जन्ती आउनु भन्दा अगावै बेहुलालाई तिलक चढाउने चलन छ । त्यस परम्परालाई निर्वाह गर्दै जानकी मन्दिरले अयोध्या तिलक पठाउने तयारी गरेको छ ।

सीताराम विवाह महोत्सवमा जन्तीको निम्तोका लागि तिलक लिएर जान मधेश प्रदेशका मुख्यमन्त्री सतीश कुमार सिंह इच्छुक छन् । जनकपुरधामबाट जाने तिलकको अगुवाइ गर्न सिंह उत्सुक छन् । यद्यपि मुख्यमन्त्री सिंहले तिलकमा अयोध्या जाने विषयमा निर्णय भइ नसकेको बताएका छन् ।

तिकको अगुवाइ गर्न मलाई आग्रह गरिएको छ , उनले भने, तर त्यस सम्बन्धमा भारतीय पक्षबाट औपचारिकता पूरा भएपछि निर्णय लिने छु । २र३ दिन भित्रै यस सम्बन्धमा निर्णय लिने उनले बताए ।

जनकपुरधामका सामाजिक र गैर साधुबाट मुख्यमन्त्री सिंहलाई तिलकमा सहभागी हुन आग्रह गरिए पनि साधुसन्तहरुले दुरी बढाउन थालेका छन् । सीताराम विवाह महोत्सवको विधिविधान साधुसन्तहरुले गर्दै आएकाले यसमा राजनीतिक व्यक्तिको सहभागिता उपयुक्त नहुने महन्तहरुको कथन छ ।





विवाह महोत्सवमा अयोध्याबाट आउने जन्तीको नेतृत्व पनि सन्तमहन्तहरुले नै गर्ने र जनकपुरधामबाट जाने तिलकलगायतको कार्यक्रममा पनि साधुसन्तहरुको नै सहभागिता हुने गरेकाले मुख्यमन्त्रीको सहभागिता उनको आफ्नो चाहनामा निर्भर गर्ने साधुहरु बताउँछन् ।

मधेश प्रदेशका मुख्यमन्त्री सिंहलाई अयोध्यामा उनका समकक्षी अथवा उत्तर प्रदेश सरकारका प्रतिनिधिले स्वागत सम्मान गर्ने औपचारिक जानकारी नआएकाले साधुसन्तहरुले नै तिलक कार्यक्रमको अगुवाइ गर्ने बताइएको छ ।

हाल सम्मको तयारी अनुसार जानकी मन्दिरले पठाउने तिलकको नेतृत्व उत्तराधिकारी महन्त रामरोशन दास वैष्णवले गर्ने छन् । तिलकमा दाससंगै विभिन्न मठमन्दिरका साधुसन्तहरु, सामाजिक र धार्मिक क्षेत्रमा सक्रिय स्थानीय वासिन्दाहरुको सहभागिता रहने बताइएको छ । तिलकका लागि अयोध्याबाट विश्व हिन्दू परिषद्का प्रतिनिधिहरुले तिलकका सहभागीहरुको स्वागत सम्मान गर्ने कार्यक्रम रहेको छ । जानकी मन्दिरबाट जन्ती ल्याउन आमन्त्रण ठाकुर(हजाम)द्वारा निम्तो पठाइएको जानकी मन्दिरका महन्त रामतपेश्वर दास वैष्णवले जनाएका छन् ।

अयोध्याबाट जन्तीको अगुवाइ राम मन्दिर ट्रष्टका सचिव सम्पत्त रायले गर्ने बताइएको छ । जन्तीमा मनिराम छाउनीका उत्तराधिकारी महन्त कमलनयन दास, ऋषीकेषका महन्त डा.रामेश्वर दास, दिगम्बर अखाडाका महन्त, सतुवा बाबाको आश्रमका मुख्यमहन्तलगायत ५ सय बढीको सहभागिता रहने बताइएको छ ।

मंसिर २१ गते सीताराम बिबाहमहोत्सवको मुल समारोह हुनेछ ।त्यसमा अयोध्याबाट आउने जन्तीको सहभागिता रहनेछ ।अयोध्याबाट प्रस्थान गर्ने जन्तीको मार्ग , समय र रात्री विश्रामस्थल निर्धारण गरिएको छ ।

अयोध्याबाट २६ नवम्बर अर्थात मंसिर ११ गते जन्ती प्रस्थान गर्नेछ । कारसेवकपुरम अयोध्याधामबाट विहान साढे ८ बजे प्रस्थान गर्ने जन्ती गुसाइकुञ्ज, अम्बेडकर नगर, बसखारी हुँदै रात्रि विश्राम आर्यमगढ(आजमगढ)मा हुनेछ ।

दोस्रो दिन बुधबार जन्ती आर्यमगढबाट मऊ, रसडा, फैफना कारो हुँदै रात्रि विश्राम बिहार राज्यको बक्सरमा हुनेछ । तेस्रो दिन बिहीबार बिहान बक्सरबाट प्रस्थान गरी ब्रम्हा स्थान चौराहा, आरा, बिहटा, दानापुर हुँदै रात्रि विश्राम पाटली पुत्र पटनामा हुनेछ । शुक्रबार चौथो दिन पटनाबाट हाजीपुर वैशाली हुँदै काँटीमा रात्री विश्राम हुनेछ । शुक्रबार दिवा विश्रामको स्थान टुंगो लागेको छैन् ।

पाँचौ दिन शनिबार काँटीबाट प्रस्थान गर्ने जन्ती शिवहर, रुन्नी सैदपुरहुँदै सीतामढीको पुनौराधाममा रात्रि विश्राम गर्ने छ । छैठौं दिन आइतबार सीतामढीबाट पुपरी, अहिल्यास्थान हुँदै बेनीपट्टीमा रात्रि विश्राम हुनेछ ।

सोमबार सातौं दिन बेनीपट्टीबाट बासोपट्टी, विसौल, फुलहरहुँदै रात्रि विश्राम मधवापुर मटिहानीमा हुनेछ । आठौं दिन मंसिर १८ गते मंगलवार जन्ती मटिहानीबाट जलेश्वर, पिपराहुँदै साँझ नगरदर्शन गरी मिथिलापुरी जनकपुरधाममा विश्राम गर्ने छ ।


नवौं दिन जन्ती सीताराम विवाहमहोत्सवको अवसरमा मंसिर १९ गते बुधबार दिउँसो २ बजे राम मन्दिरमा आयोजना हुने तिलकोत्सवमा सहभागी हुनेछ । मंसिर २० गते दशौं दिन बिहीबार जन्ती विहान धनुषाधामको दर्शन र दिउँसो गंगासागरमा आयोजना हुने मटकोर समारोहमा सहभागी हुने कार्यक्रम रहेको छ ।

११ औं दिन मंसिर २१ गते शुक्रबार सीताराम विवाह महोत्सवको मूल समारोहमा आयोजना हुने बाह्रविघा(रंगभूमि)मा आयोजना हुने स्वयंवर, त्यस पश्चात नगर भ्रमण र रात्रिकाल विवाह महोत्सव समारोहमा जन्ती सहभागी हुने छ ।

१२ औं दिन बिहान जानकी मन्दिर परिसरमा सीताराम महाभिषेकम् (५१ तीर्थस्थलको जलबाट अभिषेक) गरिने र रामकलेवा(विदाई भोज)मा सहभागी भइ रात्रि सामूहिक विवाह कार्यक्रममा पनि सहभागिता जनाउने छन् ।

१३ औं दिन जन्ती विहान जनकपुरधामबाट अयोध्याधाम फर्कने छ्न् । पिपरा, मनरा, मलंगवा हुँदै धनकौलमा स्वागत र रात्रि विश्राम वीरगञ्जको मौलीपुरमा हुनेछ । १४ औं दिन सोमबार जन्ती विहान वीरगञ्जबाट प्रस्थान गरी मोतिहारी बाईपास, गोपालगञ्ज, कुशीनगरहुँदै गोरखपुर अयोध्याम पुग्ने छ ।



जनकपुर टुडे



# फरार अभियुक्त पक्राउ




**टुडे समाचारदाता**

मलंगवा । सर्लाही प्रहरीले २५ वर्ष कैद सजाय तोकिएर फरार रहेका एक अभियुक्तलाई पक्राउ गरेको छ ।

कर्तव्य ज्यान मुद्दामा सर्लाही जिल्ला अदालतबाट २५ वर्ष कैद र एक लाख रुपियाँ जरिवाना तोकिएर फरार रहेका कौडेना गाउँपालिका-१, का ३९ वर्षीय राकेशकुमार साहलाई प्रहरीले पक्राउ गरेको हो । साह २०७८ साल मङ्सिर १६ गते कौडेना गाउँपालिका-१, कै शत्रोहन भन्ने शत्रुघन राउत कुर्मीको हत्यामा संलग्न रहेका सर्लाही प्रहरीले जनाएको छ ।

जिल्ला अदालतले यसै वर्ष गएको असार १७ गते कर्तव्य ज्यान मुद्दामा फैसला सुनाउँदै साहलाई २५ वर्ष कैद र एक लाख रुपियाँ जरिवाना तोकेको थियो । अदालतको फैसलापछि फरार रहेका साहलाई छठ पर्वमा गाउँघरमै लुकिछिपी बसिरहेको अवस्थामा जिल्ला प्रहरी कार्यालय मलङ्गवा र प्रहरी चौकी सुन्दरपुरबाट खटिएको संयुक्त प्रहरी टोलीले नियन्त्रणमा लिएको सर्लाहीका प्रहरी उपरीक्षक रवीन्द्रबहादुर सिंहले बताए ।

जिल्ला अदालतबाट सजाय तोकिएपछि साह सीमापारी भारतमा लुकिछिपी बस्दै आएका थिए । साहलाई अदालतमा पेश गरी अदालतको आदेश बमोजिम सजाय भुक्तानका लागि मलङ्गवा कारागार चलान गरिएको एसपी सिंहले बताए ।

# टिकटक, नेटफ्लिक्ससहित २० अन्तर्राष्ट्रिय कम्पनी विद्युतीय सेवा करमा दर्ता


काठमाण्डु । नेपालका उपभोक्तालाई विद्युतीय सेवा उपलब्ध गराएवापत एप्पल, गुगल, माइक्रोसफ्ट, मेटा, टिकटक, नेटफ्लिक्सलगायत विदेशी कम्पनीले विद्युतीय सेवा कर (डिजिटल सर्भिस ट्याक्स-डिएसटी) तिर्न थालेका छन् ।

ठूला करदाता कार्यालयका प्रमुख कर अधिकृत तथा सूचना अधिकारी ध्रुवप्रसाद पाण्डेकाअनुसार हालसम्म दर्ता भएका २० कम्पनीले नेपालमा विद्युतीय सेवा उपलब्ध गराउँदा कारोबार मूल्यको दुई प्रतिशत डिएसटी तिर्न थालेका हुन् ।

आर्थिक वर्ष २०७९/८० को आर्थिक ऐनले नेपालमा पहिलोपटक विद्युतीय सेवा कर (डिएसटी) को व्यवस्था ल्याएको थियो । यो व्यवस्था कार्यान्वनयमा आएको दुई आर्थिक बितिसक्दा पनि नेपालमा विद्युतीय सेवा दिइरहेका सबै कम्पनीलाई डिएसटीमा आवद्ध गर्न भने सकिएको छैन ।

कार्यालयका अनुसार हालसम्म गुगल एसिया प्यासिफिक प्राइभेट लिमिटेड, गुगल आयरल्यान्ड लिमिटेड, गुगल डिजिटल इङ्क, लिङ्कडइन सिङ्गापुर प्राइभेट लिमिटेड, एनसीएस पिअर्सन इन्कर्पोरेसन लिमिटेड, अमेजन डट कम सर्भिस एलएलसी र अमेजन वेभ सर्भिस इन्कर्पोरेसन लिमिटेडलगायत कम्पनी छन् ।

त्यस्तै, इब्स्को इन्टरनेसनल इन्कर्पोरेस, मेटा प्लाटफर्म्स आयरल्यान्ड लिमिटेड, माइक्रोसफ्ट रिजनल सेल्स प्राइभेट लिमिटेड, एडब सिस्टोम्स सफ्वेयर आयरल्याण्ड लिमिटेड, नेटफ्लिक्स प्राइभेट लिमिटेड, जोहो कर्पोरेसन प्राइभेट लिमिटेड, प्रोमेट्रिक जापान कम्पनी लिमिटेड, एसोसिएसन अफ चार्टर्ड सर्टिफाइड अकाउन्टेन्ट्स (एसीसीए), पिअर्सन एजुकेसन लिमिटेड, एप्पल डिस्ट्रिब्युसन इन्टरनेसनल लिमिटेड र एप्पल सर्भिस प्राइभेट लिमिटेड ठूला करदाता कार्यालयमा दर्ता छन् ।




नेपालले केही समयअघिमात्र सर्तसहित प्रतिबन्ध फुकुवा गरेको टिकटक पनि डिएसटी तिर्ने भएको छ । हालसम्म नेपालमा दर्ता भएका कम्पनीमध्ये गुगल एसिया प्यासिफिक प्राइभेट लिमिटेड विश्वको सबैभन्दा ठूलो सर्च इन्जिन मध्येको एक गुगलको माउ कम्पनी हो भने सामाजिक सञ्जालहरु फेसबुक (इन्स्टाग्राम र ह्वाट्सएपसमेत), टिकटक र लिङ्कडइन पनि दर्ता भएका छन् ।

दर्ता भएका अरु कम्पनीमध्ये एनसीएस पिअर्सन इन्कर्पोरेसनले विभिन्न खालका मोबाइल एप्लिकेसन बनाउने गर्छ भने इब्स्को इकर्पोरेसनले रिसर्च प्लेटफर्म र डाटाबेस व्यवस्थापनसँग सम्बन्धित कम्पनी हो । माइक्रोसफ्ट पनि सफ्टवेयर निर्माण र सूचना प्रविधिका क्षेत्रा विश्वकै ठूलो कम्पनीमध्ये एक हो ।

आर्थिक ऐनमा डिएसटीको विषय राखिएसँगै नेपालमा विद्युतीय सेवा दिइरहेका कम्पनीहरु कर प्रणालीमा दर्ता हुने र त्यसले राजस्वमा पनि उल्लेख्य योगदान गर्ने अपेक्षा गरिएको थियो । यस्ता कम्पनीलाई करको दायरामा ल्याउन सरकारले कानून बनाएको भएपनि अझै अधिकांश कम्पनीहरु भने कर प्रणाली बाहिर छन् ।

विद्यमान आर्थिक ऐनको व्यवस्थाअनुसार नेपालमा विद्युतीय सेवा उपलब्ध गराउने व्यक्तिले आयवर्षअनुसार आफ्नो कारोबारको विवरण तथा कारोबार मूल्यको दुई प्रतिशत कर दाखिला गर्नुपर्छ । तर ठूला करदाता कार्यालयमा दर्ता हुन नआएका कम्पनीलाई कसरी आवद्ध गराउने र कर तिराउने भन्ने स्पष्ट व्यवस्था आर्थिक ऐनमा छैन । नेपालमा सेवा दिइरहेका सबै सूचना प्रविधि क्षेत्रका लागि यस्तो कर प्रणाली बाध्यकारी हुन नसक्दा अधिकांश कम्पनी कर प्रणालीभन्दा बाहिरै रहेको देखिन्छ । चालु आर्थिक वर्षको आर्थिक ऐनले डिएसटी लाग्ने कारोबार मूल्य रु २० लाखबाट बढाएर रु तीस लाख पुर्याएको थियो । जसअनुसार वार्षिक रू तीस लाखसम्मको कारोबारमा भने अहिले यस्तो कर लाग्दैन ।

त्यस्तै, आर्थिक ऐनले तोकिएको समयभित्र विवरण दाखिला नगरेमा वार्षिक कारोबार रकमको शून्य दशमलव एक प्रतिशत प्रतिवर्षका दरले हुने रकम शूल्क लाग्ने र कर तिर्नुपर्ने तोकिएको मितिभित्र कुनै व्यक्तिले कर दाखिला नगरेमा वार्षिक १५ प्रतिशतका दरले ब्याज लाग्ने व्यवस्था रहेको छ ।

यसरी दाखिला गर्नुपर्ने कर रकम कम दाखिला गरेमा वा लुकाए छिपाएमा त्यसरी कम गरेको कर रकमको ५० प्रतिशत जरिवानासमेत लाग्नेछ व्यवस्था ऐनमा छ । तर विदेशमा सेवा दिइरहेका कम्पनीहरुले नेपालमा कर तिर्नका लागि अनिवार्य रुपमा दर्ता हुनुपर्ने व्यवस्था आर्थिक ऐनमा भने कहीँ पनि राखिएको देखिदैन ।

नेपालभित्र सेवा दिइरहेका सामाजिक सञ्जाललगायत विद्युतीय सेवा दिने कम्पनीहरुलाई करको दायरामा ल्याउन नसक्दा ठूलो परिमाणमा राजस्व गुमिरहेको सरकारी अध्ययनलेसमेत देखाएका छन् । तत्कालीन राजस्व परामर्श समितिले तयार पारेको 'राजस्व दायरा वृद्धिका सम्बन्धमा अध्ययन गरी तयार पारिएको प्रतिवेदन, २०७९' ले पछिल्ला वर्षहरुमा सामाजिक सञ्जालमार्फत हुने विज्ञापनबाट मात्रै ठूलो रकम बाहिरी रहेको उल्लेख गरेको छ ।

"नेपालमा कानूनी रुपमा दर्ता नभएका सामाजिक सञ्जालमा विज्ञापन गर्ने प्रवृत्ति ह्वात्तै बढेको छ । त्यस्ता सामाजिक सञ्जालहरुले वार्षिक अर्बौं रुपैयाँ नेपालबाट विदेशतर्फ लगिरहेका छन्", प्रतिवेदनमा भनिएको छ ।

राजस्व परामर्श समितिको प्रतिवेदनले डाटा पोर्टल डट कमको तथ्याङ्कलाई उदृत गर्दै सन् २०२२ सम्ममा नेपालमा फेसबुकका एक करोड ३३ लाख प्रयोगकर्ता रहेको उल्लेख गरेको छ । "बजारसम्बन्धी अनुसन्धान गर्ने कम्पनी स्टाटिस्टाकाका अनुसार फेसबुकको प्रति बिज्ञापनकर्ता विज्ञापन आम्दानी सन् २०२१ मा ४० दशमलव ९६ अमेरिकी डलर पुगेको छ । उक्त आय सन् २०२० मा ३२ दशमलव ०३ अमेरिकी डलर बराबर थियो", राजस्व परामर्श समितिको प्रतिवेदनमा भनिएको छ, "यसप्रकारले हेर्दा नेपाली प्रयोगकर्ताले विज्ञापन हेरेवापत फेसबुकले वार्षिक ६० अर्ब भन्दा बढी रकम आय गर्दै आइरहेको छ ।"

यो तीन वर्ष पूरानो तथ्याङ्क हो । हालसम्म नेपालमा कति कम्पनीले विद्युतीय सेवा दिइरहेका छन ? र उनीहरुको अनुमानित वार्षिक कारोबार कति छ ? भन्ने विस्तृत अध्ययने भने भएको देखिदैन । रासस

# अमेरिकाको टेक्सासमा हर्षोल्लासका मनाइयो छठ



टेक्सास । संयुक्त राज्य अमेरिकाको टेक्सासमा रहेका नेपाली मुलका मधेसी समुदायले यस बर्षको छठ पर्ब हर्षोल्लासका साथ मनाएका छन् ।

स्थानीय समयअनुसार बिहीबार बेलुकी अस्ताउँदो सूर्यलाई अर्घ्य दिएर सुरु भएको छठ पर्व शुक्रबार बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिएर समापन गरिने 'मधेसी एसोसियसन ईन अमेरिका'का अध्यक्ष डा सङ्गीत रौनियारले जानकारी दिनुभयो ।

टेक्सासको ड्यालस फोर्टवर्थ क्षेत्रमा रहेका नेपाली समुदायका लागि डेन्टनमा रहेको पानीको तलाउ नजिक छठ पर्व मनाउने व्यवस्था गरिएको थियो । टेक्सासमा रहेका विशेषगरी मधेसी समुदायसम्बद्ध सङ्घ-संस्था एवं मधेसी समुदायका अगुवाहरूले छठ पर्व कार्यक्रमको व्यवस्थापनमा सहयोग गरेका थिए । अस्ताउँदो सूर्यलाई अर्घ दिन ड्यालस फोर्ट वर्थमा रहेका मधेसी समुदायको डेन्टनमा उल्लेख्य सत्ख्यामा उपस्थिति रहेको डा रौनियारले बताउनुभयो । यसैगरी टेक्सासको राजधानी अस्टिनमा पनि छठ पर्व धुमधामका साथ मनाइएको छ । अस्टिनस्थित नेपाली समुदायको साझा संस्था 'ग्रेटर अस्टिन नेपाली समाज'ले छठ पर्ब मनाउन सहयोग र सहजीकरण गरेको थियो । अस्टिनस्थित पशुपतिनाथ मन्दिर नजिकको तलाऊमा अस्ताउँदो सूर्यलाई अर्घ दिनेहरुको भिड लागेको थियो ।

अघिल्ला वर्षहरूमा मधेसी समुदायको मात्र सहभागिता रहने छठ पर्बमा यस बर्ष गैरमधेसी समुदायको पनि सहभागिता रहेको ग्रेटर अस्टिन नेपाली समाजका पूर्वउपाध्यक्ष तथा सामाजिक अभियन्ता रामकुमार महतोले जानकारी दिनुभयो ।

त्यस्तै मधेसी समुदायसम्बद्ध सङ्घ-संस्था एवं अगुवाहरुका अनुसार संयुक्त राज्य अमेरिकाको क्यालिफोर्निया, फिलाडेलफिया, फोलिरिडा, अटलान्टा, न्यूयोर्कलगायतका राज्य तथा सहरमा पनि यस वर्ष हर्षोल्लासका साथ छठ पर्ब मनाइएको छ । रासस

# कार्तिक नाचको तेस्रो दिन आज 'बाथः प्याखँ-कौला खिचा' मञ्चन हुने

पाटन । पाटनको कृष्ण मन्दिर परिसरमा रहेको 'कार्तिक डबली'मा कार्तिक नाचको तेस्रो दिन आज 'बाथः प्याखँ-कौला खिचा' मञ्चन हुने भएको छ । हरेक वर्ष पाटनमा 'कार्तिक नाट्य महोत्सव' मञ्चन गर्ने परम्पराअनुसार कात्तिक २१ गतेदेखि सुरु भएको कार्तिक नाच ३० गतेसम्म सञ्चालन हुनेछ ।

नाचको तेस्रो दिन आज साँझ 'बाथः प्याखँ-कौला खिचा' नृत्य प्रदर्शन गर्न लागिएको हो । 'बाथः प्याखँ-कौला खिचा' अर्थात् बाठा तीन भाइले एक ब्राह्मणलाई सत्य भएर पनि भ्रमित बनाउन सफल भएको विषयमा आधारित नृत्य मञ्चन गरिने कार्तिक नाच संरक्षण समितिका अध्यक्ष किरण चित्रकारले बताउनुभयो ।

"यस कथामा सडकको तीन कुनामा छरिएर बसेका तीन बाठा मानिसले एक ब्राह्मणले दानमा पाएको बोका ल्याएको देख्छन्, उनीहरुले त्यस बोका आफूहरुले खाने जुक्तिअनुरुप ' ब्राह्मणले कुकुर ल्याए । ब्राह्मणले कुकुर ल्याए' भनेर कराउँछन् । ब्राह्मणले, "यो कुकुर होइन् । यो त बोका हो", भन्छन् ।

ती तीन व्यक्तिले "होइन, यो कुकुर नै हो भन्छन् । यसो भनेर जिद्धी गरेपछि ब्राह्मणले पक्कै यो कुकुर रहेछ भन्दै बाटैमा छाडेर जान्छन् । सो बोका ती तीनै व्यक्तिले मिलेर खान्छन्", उहाँले भन्नुभयो । यदि धेरै मानिस मिलेर झुटो बोले भने सत्यलाई पनि असत्य बनाउन सकिन्छ भन्ने कुरा नृत्य र नाटकमार्फत दर्शाउन खोजिएको उहाँको भनाइ छ ।



यसअघि बुधबार राति 'भक्तसुरदास प्याखँ' र बिहीबार 'बाथः प्याखँ-च्वले खुदाँ दाँ खुदाँ' नाच ठूलो हर्ष र भव्यताका साथ सम्पन्न गरिएको प्रचारप्रसार समितिका संयोजक सञ्जय शर्मा राजोपाध्यायले बताउनुभयो ।

विसं १६९७ मा पाटनका राजा सिद्धिनर सिंह मल्लले देश र जनताको कल्याणार्थ सो नाच चलाएका थिए । यस गरिमायम नाचको सर्जक श्रष्टा एवं प्रवर्तक सिद्धिनरसिंह मल्लका शिक्षा गुरु पण्डित हरिवंश उपाध्याय र दिक्षा गुरु विश्वनाथ उपाध्यायलाई दिइन्छ । कार्तिक नाचको माध्यमद्धारा देशमा आउने विघ्नबाधा हटेर शान्ति र सु-व्यवस्था कायम रहने विश्वास गरिन्छ ।

यस नाच थालनीले सुरुआती चरणदेखिनै जनतालाई एउटै सुत्रमा बाँधेर मनोरञ्जन दिनाका साथै धार्मिक, नैतिक, सामाजिक ज्ञानसमेत प्रदान गरिने रहेको संयोजक शर्माले बताउनुभयो । "कार्तिक महिनाभर विभिन्न विधि र प्रकारका नृत्य प्रदर्शन गरिने भएकाले यस नाचलाई 'कार्तिक नाच' भनिएको हो । सत्ताइस दिनसम्म यस नाच प्रदर्शन गर्दा हरेक दिन विभिन्न विषयवस्तु तथा कथामा आधारित रही बेग्लाबेग्लै तरिकाले नृत्य मञ्चन गरिनु ठूलो विशेषता रहेको छ", संयोजक शर्माले भन्नुभयो ।

कार्तिक नाच प्रथम पटक पाँच दिन प्रदर्शन गरिएको थियो । सिद्धिनरसिंह मल्लका छोरा श्रीनिवास मल्लको पालादेखि 'बाथःप्याखँ' अर्थात 'लोक नाटक', 'सुदामा प्याखँ' र 'सुरदास प्याखँ' थपेर यसलाई १५ दिनसम्म सञ्चालन गरिएको अध्यक्ष चित्रकार बताउनुहुन्छ ।

"श्रीनिवास मल्लका छोरा योगनरेन्द्र मल्लले 'उषाहरण' र 'माधवानल' दुई लीलालाई पछि थपेर २७ दिन सञ्चालन गरेको विश्वास गरिन्छ । मुलुकको ऐतिहासिक एवं सांस्कृतिक सम्पदाको उचित संरक्षण र प्रवर्द्धन गर्ने हेतुले विसं २०७० मा दुई दिन थप गरी १० दिन र त्यसपछि अर्को दुई दिन थप गरेर १२ दिन देखाउन थालिएको थियो", उहाँ भन्नुहुन्छ ।

यो ललितपुरको मात्र नभइ सिङ्गो मुलुककै राष्ट्रिय अमूर्त सम्पदाका साथै परम्परागत संस्कृतिको जगेर्ना गर्ने माध्यम पनि बनिरहेको महानगर वडा नं १६ का अध्यक्ष निर्मलरत्न शाक्य बताउनुहुन्छ । हिन्दूका साथै बौद्धधर्मावलम्बीका लागि पनि अतिनै महत्वपूर्ण सो नाट्य महोत्सव विगतका वर्षमा आठ दिन मात्रै मञ्चन गरिने गरेकोमा यसवर्ष १० दिन मञ्चन हुने भएको छ । रासस

# युवकको शव फेला

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीमा एक युवकको शव फेला परेको छ ।

जिल्लाको हरिपूर्वा नगरपालिका स्थित एकजना युवकको शव रुख माथि झुन्डिएको अवस्थामा फेला परेको छ । युवकको हत्या गरिएको हुन सक्ने आशंका छ ।

हरिपुर्वा ४ डुमरिया गाउँमा स्थानीय सिकिन्द्र रायको छोरा अन्दाजी १९ वर्षको धिरज रायको हाथ खुट्टा बाँधिएको तथा रुखमा झुन्डिएको अवस्थामा शव फेला परेका हुन् । पीडित परिवारले कसैले धीरजको हत्या गरेर रुखमा झुन्ड्याएको हुनसक्ने दाबी गरेका छन् ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक दीपक श्रेष्ठले घटनाको पुष्टि गरेका छन् । प्रवक्ता श्रेष्ठले घटनाको अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालयबाट इन्स्पेक्टरको कमाण्डमा विशेषज्ञको टोली घटनास्थल गएको जानकारी दिएका छन् ।

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : वाद विवादबाट बच्नु । |
| बृष | : नयाँ कार्य हुने । |
| मिथून | : पुरस्कार प्राप्त लाभ । |
| कर्कट | : बौद्धिक क्षमता । |
| सिंह | : प्रतिभा सम्पन्नता । |
| कन्या | : शिक्षामा उन्नति । |
| तुला | : पारिवाहिक सुख । |
| बृश्चिक | : धन वृद्धि सञ्चय । |
| धनु | : प्रेम प्रसंग, मित्र सुख । |
| मकर | : सुख समृद्धि हुने । |
| कुम्भ | : भ्रमण अवसर हुने । |
| मीन | : अवसर प्राप्त । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# पर्यटन प्रवर्द्धन गर्न पाल्पामा साइकलयात्रा



रामपुर । जिल्लाको पर्यटन विकासका लागि आज यहाँ साइकलयात्रा सुरु भएको छ । मानव स्वास्थ्य र स्थानीय पर्यटकीय क्षेत्रलाई समेटेर 'सम्पदा साइकल राइड' आयोजना गरिएको हो ।

पाल्पा साइक्लिङ सङ्घको आयोजनामा तानसेनमा 'स्वास्थ्य र पर्यटनका लागि साइकल चलाउने' नाराका साथ प्रारम्भ भएको साइकलयात्रामा पाल्पाका साथ रुपन्देही, नवलपरासी, चितवन, काठमाडौँ, सिरहा, बाँकेलगायत जिल्लाका 'राइडर' सहभागी छन् ।

बिहान ६:०० बजे प्रारम्भ भएको साइकलयात्रा तानसेन, भैरवस्थान, लिस्नु भिर, अर्गली, रिडी, रानीमहल हुँदै तानसेन पुगेर समापन हुनेछ । जिल्लाका धार्मिक एवं पर्यटकीयस्थल रानीमहल दरबार, भैरवस्थान मन्दिर, पाल्पा दरबार सङ्ग्रहालय, अर्गेली दरबार, रुरु ऋषिकेश मन्दिर, रिडी, देवदत्तपार्क, लिस्ने भिरलगायत धार्मिक क्षेत्रको परिक्रमा गरिने सङ्घका अध्यक्ष रुपेश महर्जनले बताउनुभयो ।

यात्रामा १४ वर्षदेखि ६५ वर्षसम्मका राइडर सहभागी छन् । सहगामीमध्ये दुई जना अपाङ्गता भएका, एक जना महिला र एक जना विदेशी नागरिक छन् । साइकलयात्राले साहासिक खेलको विकासका साथै पाल्पाको पर्यटन प्रवर्द्धनमा योगदान पुग्ने उहाँको विश्वास छ । रासस

# आगलागी हुँदा १० लाखको क्षति

बनियानी । बिर्तामोड नगरपालिकामा गए राति आगलागी हुँदा रु १० लाखबराबरको क्षति भएको छ ।

बिर्तामोड-८ प्याकुरेल चोकका शिवलाल गौतमको भान्सा कोठामा अचानक आगलागी हुँदा झण्डै रु १० लाख क्षति भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता कृष्णकुमार चन्दले जानकारी दिनुभयो ।

आगलागीबाट भान्सा पूर्ण रूपमा जलेर नष्ट भएको छभने एक स्कुटरसमेत जलेको छ । आगलागीबाट घरको दक्षिणतर्फको बरण्डाको भागसमेत जलेर क्षति पुगेको प्रहरीले जनाएको छ ।

आगो निभाउने क्रममा सोही स्थानका मोहन तिमल्सिनाको हात, खुट्टा, गाला र ढाडमा सामान्य पिल्सिएको छ । स्थानीय मेडिकलमा सामान्य उपचारपछि उहाँलाई डिस्चार्ज गरिएको प्रहरीले जनाएको छ । रासस

# भक्तपुरमा तराईको झल्को दिने छठ पर्व सम्पन्न



भक्तपुर । शुक्रबारको झिसमिसे बिहानी भक्तपुर नगरपालिका-१० कमलविनायकस्थित कमलपोखरी बत्तीले झकिझकाउ थियो । ठूलो पोखरीको वरिपरि बत्तीले झिलिमिली र छेउमा पाल टाँगिएको स्थानमा व्रर्तालुको घुइँचो थियो । बाँकी तीन छेउ वरपर पाला अर्थात् दियो बालिएका थिए । कोही बलेका बत्तीसँग रमाउँदै फोटो खिच्न व्यस्त देखिन्थ्ये भने कोही निभेका बत्ती बाल्दै थिए ।

तराईको झल्को दिने गरी दुलहीझैं सिँगारिएर झकिझकाउ बनाइएको कमलपोखरीमा छठ मनाउन तराईवासीसँगै भक्तपुरका स्थानीय पनि सहभागी थिए । तराई क्षेत्रमा मनाइने छठ पर्व भक्तपुरमा पनि हर्षोल्लासका साथ मनाइएको छ । भक्तपुरमा तराई मधेसका समुदायकासँगै मिलेर स्थानीयले संस्कृति र परम्पराअनुसार पूजाआराधनासहित छठ मनाएका हुन् । आज बिहानै छठ मनाउन रातभर जाग्राम बसेका व्रर्तालुहरुले उदाउँदो सूर्यलाई अर्घ दिएर पूजा सम्पन्न गरी चार दिनको व्रतसहित छठ सम्पन्न गरेका छन् ।

भक्तपुरमा बस्दै आएका तराईवासीले कमलपोखरीमा छठ पर्व मनाएको यो पहिलो वर्ष भने होइन । सर्लाहीबाट भक्तपुरको कमलविनायकमा व्यवसाय गरेर बस्दै आउनु भएका छठ पर्व आयोजक समितिका संयोजक लक्ष्मण रौनियारले विगत १० वर्षदेखि यहाँ छठ मनाउन व्यवस्थापन गर्दै आइएको बताउनुभयो ।

पर्वका लागि बिहीबार पोखरीलाई सजाएर झकिझकाउ बनाइएको थियो भने साँझ व्रर्तालुले अस्ताउँदो सूर्यको पूजाआराधना गरी अर्घ दिएर छठी देवीको पूजा गरेर पर्व मनाएका रौनियारले उल्लेख गर्नुभयो । कमलविनायकमा चटपटे व्यवसाय गर्दै आउनुभएकी सुभद्रा साहले विगत तीन वर्षदेखि कमलपोखरीमा छठ पर्व मनाउँदै आएको जनाउँदै छठमा घर जान नपाउनेहरुका लागि यहाँको व्यवस्थापनले सजिलो बनाएको बताउनुभयो ।

विशेष गरेर तराईवासीले हर्षोल्लासकासाथ मनाउने छठ पर्व आज भक्तपुरमा सबै धर्मावलम्वीले सामूहिक रुपमा मिलेर मनाएको दृश्य देखिएको भन्दै उक्त दृश्यले मनलाई आनन्दित बनाएको स्थानीय कमल श्रेष्ठ बताउनुभयो ।

समितिका संयोजक रौनियारले विभिन्न धर्म, समुदाय र जातका मानिस एकसाथ सहभागी भएर पर्व मनाएका बताउनुभयो । विगतका वर्षमा एक सय परिवार पनि नहुनेमा यसवर्ष एक सय ५० भन्दा बढी परिवारले यहाँ छठ मनाएका उहाँले जानकारी दिनुभयो ।

सूर्यको उपासनासँग सम्बन्धित छठ पर्व यसवर्ष शुक्रबारदेखि सुरु भएको थियो । चार दिनसम्म मनाइने पर्वको मुख्य दिन आज हो । प्रत्येक वर्ष कार्तिक शुक्ल चतुदर्शीका दिनदेखि सुरु हुने छठ पर्व अत्यन्तै श्रद्धा र निष्ठाका साथ मनाइन्छ । तराईमा सीमित यो चाँड पछिल्लो वर्ष तराईका साथै काठमाडौँ उपत्यकामा पनि भव्य रुपमा मनाउन थालिएको छ ।

पर्वको मुख्य विशेषता अस्ताउँदो र उदाउँदो सूर्यलाई जलाशयमा उभिएर अर्घ दिएर मात्र पूजा सम्पन्न गर्नु हो । छठ मनाउन पोखरी पुग्नुभएकी शान्ता महतोले पुत्र, पति र परिवारको कल्याणको कामना गर्दै यो पर्व परिवारका सबै सदस्य तथा समूहमा मनाएको बताउनुभयो ।

पर्वको क्रममा पहिलो दिन कार्तिक शुक्ल चतुदर्शीका दिन नहाय खाय (नुहाएर चोखो भई शुद्ध शाहाकारी भोजन खाने), दोस्रो कार्तिक पञ्चमीका दिन खरना पूजा गर्ने र यस दिन व्रर्तालुहरू स्नान गरेर दिनभरि उपवास बसी आत्मशुद्धि गर्ने, पञ्चमीका दिन व्रत बस्ने महिला तथा पुरुषले निष्ठापूर्वक पवित्र जलाशयमा स्नान गरी बेलुकीपख दूध, चामल र सख्खरको खीर पकाइ प्रसादको रूपमा आफूले खाने र व्रत नबस्ने परिवारका सदस्यलाई खुवाउने गर्छन् । आज अन्तिम दिन उदाउँदो सूर्यलाई अर्घ दिएर पर्व समापन गरिएको हो । रासस

## बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा 'फ्लो साइटोमेट्रि' सेवा सुरु

चितवन । यहाँको बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा रक्त क्यान्सर भएका बिरामीको प्रकार परीक्षण सुरु गरिएको छ । यसअघि नमूना बाहिर पठाइदै आएकोमा उपकरण खरिद गरेर यही परीक्षण सुरु गरिएको हो ।

अस्पतालका उपनिर्देशक डा उमेश नेपालका अनुसार रक्तक्यान्सरका प्रकार परीक्षण गर्ने फ्लो साइटोमेट्रि सेवा सुरु गरिएको हो । यसका लागि आवश्यकपर्ने उपकरण रु एक करोड ५० लाखमा खरिद गरेर जनशक्तिलाई तालिम दिएपछि सेवा सुरु गरिएको हो ।

उहाँका अनुसार एक जना डाक्टर र एकजना प्राविधिकलाई भारतको टाटा मेमोरियल क्यान्सर अस्पतालमा तालिमका लागि पठाइएको थियो । तालिमप्राप्त जनशक्ति र उपकरण आएसँगै सेवा सुरु गरिएको उहाँले जानकारी दिनुभयो । अस्पतालका कार्यकारी निर्देशक डा शिवजी पौडेलका अनुसार यसअघि यो परीक्षण धेरै भारत पठाउने गरिन्थ्यो । केही नमूना काठमाडौँ जाने गर्दथ्यो । नतिजा आउन १५ दिनभन्दा बढी समय लाग्ने गरेकोमा अहिले पाँच दिनमा नतिजा आउने गरेको उहाँले जानकारी दिनुभयो ।बाहिर पठाउँदा रु ३० हजारभन्दा बढी खर्च हुने गरेकोमा यहाँ परीक्षण हुँदा रु १२ हजार मात्रै लाग्ने गर्दछ । अस्पतालमा रक्त क्यान्सरका बिरामी धेरै नै हुने भएकाले बिरामीलाई सहज भएको छ ।

उहाँले भन्नुभयो "छिटो रोग पहिचान गर्न पनि सहज भएको छ ।" कार्यकारी निर्देशक डा पौडेलले अस्पतालका सेवा विस्तार गर्ने कार्यमा आफू लागिरहेको बताउनुभयो । अस्पतालमा थन्किएर बसेको सिटी स्क्यान मर्मत गरेर सञ्चालनमा ल्याइएको छ,भने लामो समयदेखि रोकिएको मेमोग्राम सेवा छिट्टै सञ्चालनमा ल्याइदै छ । रासस

# हिमाल हेर्दै घरबासमा रमाउदै विदशी पर्यटक



गलकोट । पछिल्लो सयम चर्चामा रहेको घरबास हो बागलुङ भकुण्डेको अतिथि सत्कार घरबास- घरबासमा पछिल्लो समय स्वदेशी मात्रै नभएर विदेशी पर्यटकसमेत आउने गरेका छन् । प्रकृतिकरुपमा विधिकिरणका कारण भकुण्डेले विदेशी पर्यटकलाई मोहनी लगाएको छ । घरबासमा पुगेका विदेशी पर्यटकले अर्गानिक खानाका परिकारसँगै हिमाल हेर्न पाउने भएपछि भकुण्डे पुग्ने जो कोही पर्यटकले घरबासको प्रशंसा गरेकै हुन्छन् ।

केही पर्यटक हेलिकप्टरमार्फत घरबासमा आएका छन् । तर पाँच वर्षदेखि नियमित रुपमा भकुण्डे आइरहने विदेशी पर्यटक भने विश्व भेगन अर्गनाइजेशनमा आबद्ध छन् । बागलुङ नगरपालिका-१० पर्यटकीय गाउँ भकुण्डेमा अहिले युकेका पाँच जना र अमेरिकाका एक गरी छ जना विदेशी पर्यटक पुगेका छन् । उनीहरुले यहाँबाट देखिने हिमालले मोहनी प्रतिक्रिया दिएका छन् । बुधबार मात्रै पर्यटन व्यवसायी महादेव शर्माको नेतृत्वमा भकुण्डे पुगेका छ विदेशी पर्यटक तीन दिन घरबासमै बस्नेछन् । उनीहरुको पहिलो रोजाइ हिमालको दृश्य परेको छ । बिहान उठ्नासाथ आँखै अघिका हिमाल देख्दै अर्गानिक साग, सिस्नु, कोदो र भट्टको परिकार खाँदा छुट्टै आनन्द आएको युकेदेखि भकुण्डे घुम्न आउनुभएका म्यागीले प्रतिक्रिया दिनुभयो ।

"आफूले भकुण्डेको तस्बिर र भिडियो देखेकै कारण यहाँ आएको थिएँ, पुराना घर स्वच्छ हरियाली वातावरणमा बसेर हिमाल हेर्दा निकै आनन्द लाग्यो" म्यागीले भन्नुभयो "यस ठाउँमा आउने जो कोहीले यो रमाइलो पल बिर्सन सकिदैन होला ।"विदेशी पाहुनाले घरबास सञ्चालकसँगै कोदो टिप्ने, साग केलाउने र अन्य घरायसी काममासमेत सघाउने गरेका छन् । घरबासमा विदेशी पर्यटकको आठौं समूह लिएर आएको पर्यटन व्यवसायी महादेव शर्माले बताउनुभयो । शर्माले भेगन समूहमा आबद्ध विश्वका पर्यटक एक पटक भकुण्डे आउने चाहना व्यक्त गरेको बताउनुभयो । उहाँले यहाँबाट देखिने हिमाल, सनराईज र सनसेट, हरियाली वातावरण र सिस्नो, ढिँडो र गुन्द्रुक लगायतको परिकारले पाहुनालाई मोहनी लगाउने गरेको जानकारी दिनुभयो । शर्माकै पहलमा भकुण्डेमा पाँच वर्ष अघिमात्रै विदेशी पर्यटक भित्रिएका थिए । बागलुङको भकुण्डे गाउँको आतिथि सत्कार होमस्टे (घरबास) रोजाइमा पर्नुको कारण यहाँको आतिथ्यता, कला संस्कृति र प्राकृतिक मनोरमको दृश्य रहेको अनुभव शर्माले सुनाउनुभयो ।

उहाँले भकुण्डे आएको पाहुँनालाई आगमी वर्षदेखि मुस्ताङसमेत लैजानेगरी समय थप गर्ने बताउनुभयो । भकुण्डे जिल्ला सदरमुकामदेखि तीन घण्टाको पैदलमार्फत पुग्न सकिन्छ । अतिथि सत्कार घरबासका सञ्चालक याम थापाले पछिल्लो समय स्वदेशी पर्यटक मात्रै नभएर अमेरिका, युके, क्यानडा, जापान, चीन र कोरियाबाट विदेशी पर्यटक आउने गरेको बताउनुभयो ।

उनीहरुले आफ्नो घरको आगनबाट देखिने धौलागिरि, अन्नपूर्ण र माछापुच्छे हिमशृ लाले मोहनी लगाउने गरेको बताउने गरेको थापाको भनाइ छ । "संस्थागत रुपमा महादेशव शर्माको पहलमा यहाँ विदेशी आउन थाल्नुभयो,अन्य सङ्घ संस्थाबाट आउनुभएका विदेशी पर्यटकलाईसमेत भकुण्डे घुमाउन ल्याउनुहुन्छ, अहिले घरबासमा स्वदेशी र विदेशी पर्यटक दुबैको आकर्षण छ, यहाँ अर्गानिक खानाको परिकार र प्राकृतिक दृश्य नै पहिलो रोजाइ हो" घरबास सञ्चालक थापाले भन्नुभयो"भेगनमा आबद्ध पर्यटकले हामीलाई खान बनाउनेदेखि खेतबारीको काममा समेत सघाउन खोज्नुहुन्छ, उनीहरुले यहाँको कामको विषयमा जान्न खोज्नुहुन्छ, गाउँमा बसेर विदेशी पर्यटकलाई घरबासको माध्यमबाट स्वागत सत्कार गर्न पाउनु हाम्रो लागि गौरवको विषय हो ।"


नेपालको खेतीपाती र कला-संस्कृतिका विषयमा बाह्य पर्यटकलाई चासो हुने भएकाले उनीहरूले परीक्षण गर्ने र खेतीपातीको विषयमा जानकारी दिनसमेत कोदोबारीमा पुग्ने गरेको पाइन्छ ।

मासु तथा मासुजन्य पदार्थ उपभोग नगर्ने भेगनमा आबद्ध विदेशी पर्यटकले त्यहाँको समुदाय र विद्यालयलाई समेत विभिन्न सहयोग गदै समेत आएका छन् । बाह्य पर्यटकको मुख्य रोजाइमा हिमशृ ला, खानपान र कला-संस्कृति नै रहेको थापाले बताउनुभयो । घरबासमा एक रातमा ८० जना पर्यटक बस्ने व्यवस्था छ ।

घरबास सञ्चालकले गाउँमै उत्पादित आलु, भटमास, मकै, मुला, कोदोको ढिँडो, सिस्नो र गुन्द्रकको स्वाद लिन पाइन्छ । २०७३ सालमा स्थापना भएको जिल्लाकै पहिलो अतिथि सत्कार घरबासमा मगर समुदायका १५ घर समावेश गरिएका छन् । घरबास सञ्चालनमा आएसँगै यहाँका स्थानीयहरु खेतीपातीको कामसँगै आयआर्जनमा जोडिएका हुन् ।

भुकण्डेको शिरमा रहेको मुलाबारी भ्यूटावर, मध्यभागमा रहेको बराह ताल पर्यटक लोभ्याउने अतिरिक्त माध्यमसमेत रहेका छन् । रासस

# मन्दिरको पर्खाल सारेर खेलमैदान विस्तार



म्याग्दी । जिल्ला सदरमुकाम बेनी स्थित खेलमैदानलाई विस्तार गरिएको छ । खेलमैदान परिसरमा रहेको बेनी भगवति मन्दिरको पर्खाललाई स्थानान्तरण गरेर खेलमैदानको लम्बाइ बढाएर मापदण्ड अनुसारको बनाइएको हो । बेनी नगरपालिका-७ का वडा अध्यक्ष रमेश श्रेष्ठले ११/११ जना फुटबल खेलाउन मिल्ने बनाउन मन्दिरको पर्खाललाई तीन मिटर पछि सारेर खेलमैदानको लम्बाई एक सय मिटर बनाइएको जानकारी दिनुभयो ।

"यसअघि ९७ मिटर भएको बेनी खुल्ला मञ्चको खेलमैदानको लम्बाई विस्तार गरेर एक सय मिटर बनाएका छौ," उहाँले भन्नुभयो "३८ मिटर चौडाई भएको खेलमैदानलाई ४५ मिटर चाक्लो बनाउन म्याग्दी नदीको किनारमा पर्खाल उठाएर प्याराफिट बनाइसकिएको छ ।"

कालीगण्डकी नदीतर्फ खेलमैदान विस्तार गर्न पिल्लर उठाइएको र प्याराफिट बनाउन चालु आर्थिक वर्षमा नगरपालिकाले रु. २५ लाख र संघीय सरकारले रु. २० लाख बजेट बिनियोजन गरेको वडा अध्यक्ष श्रेष्ठले बताउनुभयो । खेलमैदानको क्षेत्रफल विस्तार गर्न बेनी नगरपालिकाले गत आर्थिक वर्षमा रु. ५० लाख बिनियोजन गरेको थियो ।

सो बजेटबाट खेलमैदान मुनी कालीगण्डकी र म्याग्दी नदीको दोभानमा दुई कोठे मलामी घर र मन्दिर परिसरको पर्खाल सारिएको वडा अध्यक्ष श्रेष्ठले बताउनुभयो । मलामीघरको माथिल्लो भागमा संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना म्याग्दी मार्फत ११ वटा सार्वजनिक शौचालय निर्माण गरेको छ ।

'बेनी मिनि रंगशाला' म्याग्दी जिल्लाको प्राथमिकताप्राप्त र बेनी नगरपालिकाको गौरवको आयोजना हो । यसअघि म्याग्दी नदीको किनारतर्फ एक सय पाँच मिटर लामो र पाँच मिटर अग्लो पर्खाल बनाएर त्यसमाथि करिब एक सय मिटर लामो प्याराफिट बनाइएको थियो ।

दर्शक बसेर खेल अवलोकन गर्ने प्यारापिटको बाहिरी भागमा बल बाहिर जान नदिन र अग्लो तारजाली लगाइएको छ । कालीगण्डकी र म्याग्दी नदीको दोभानमा रहेको मैदानलाई विस्तार गर्न र प्यारापिट बनाउन विसं २०७४ मा रु. नौ करोड लागत अनुमान गरिएको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार पारिएको थियो ।

फुटबल, क्रिकेट र एथ्लेटिक्स खेलको अभ्यास गर्ने र प्रतियोगिता सञ्चालन गर्ने एकमात्र मैदान खुल्ला मञ्च हो । जिल्लास्तरीय मेला, महोत्सव, सभा, समारोह, सांस्कृतिक कार्यक्रम र सम्मेलन यही हुने गर्छ । कालीगण्डकी किनारतर्फ करिब ५० मिटर लामो प्यारापिट बनाउन पिल्लर ठडाइएको छ । दर्शक बस्ने चार तहको प्यारापिट बनाउने योजना छ । यसपालीको बजेटबाट कालीगण्डकी किनारतर्फको प्याराफिटलाई पूर्णता दिइने नगर प्रमुख सुरत केसीले बताउनुभयो ।

हाल नौ/नौ जनाको फुटबल खेलाइने खेलमैदान विस्तार गरेपछि ११/११ जनाको टिम खेलाउन सकिन्छ । हाल फुटबल खेल्दा खेलाडीले फालेको बल खोलामा पुगेर हैरान हुन्छ । विसं २०५१ मा तत्कालीन सांसद निल पुनले सांसद विकास कोषबाट रु. १ लाख बजेट विनियोजन गरेर खुल्ला मञ्चलाई व्यवस्थित बनाउन सुरु गरिएको थियो । आर्थिक वर्ष २०७७/७८ र ०७८/७९ मा बजेट बिहिन हुँदा अलपत्र बनेको बेनी खेलमैदान योजनालाई पूर्णता दिन यसअघिका दुई आर्थिक वर्षमा बेनी नगरपालिकाले रु. ५०/५० लाख बजेट व्यवस्थापन गरेको थियो । रासस

## धान खेतमा किशोरको शव

**टुडे समाचारदाता**

लहान । सिराहामा एक किशोरको धान खेतमा शव फेला परेको छ ।

जिल्लको लहान- ३ रघुनाथपुरस्थित लक्ष्मण ललिता कुशवाहा माध्यमिक विद्यालय नजिकै खेतमा एक किशोरको शव फेला परेको छ । स्थानीय १८ वर्षीय मोहम्मद इमरान अन्सारीको शव बिहीबार बिहान धान खेतमा घोप्टो परेको अवस्थामा फेला परेको छ ।

लहान प्रहरीले सो शवको घटनास्थलको प्रकृति मुचुल्का उठाएपछि अस्पतालमा पोस्टमार्टमका लागि लगिएको छ ।

उनी कसरी त्यहाँ पुगे र मृत्यु कारणबारे सिरहा प्रहरीले खोज तलास गरिरहेको जनाएको छ ।

# त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल आजदेखि दैनिक १० घण्टा बन्द हुने




काठमाण्डु । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल (टीआइए) आजदेखि करिब पाँच महिना दैनिक १० घण्टा बन्द हुने भएको छ । नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)का अनुसार विमानस्थलको स्तरोन्नतिका लागि आजबाट दैनिक १० घण्टा उडान बन्द गरेर विस्तारको काम गर्न लागिएको हो ।

प्राधिकरणअन्तर्गतको हवाई यातायात क्षमता अभिवृद्धि आयोजनाले विमानस्थलको दक्षिण-पश्चिमतर्फ समानान्तर 'ट्याक्सीवे', उत्तरतर्फको 'इन्टरनेशनल एप्रोन' र विमानस्थलको पूर्वतर्फको 'ह्याङ्गर एप्रोन'लगायत विस्तार गर्नेछ ।

यी काम पूरा गर्न रु १५ अर्ब खर्च हुने आयोजनाले जनाएको छ । स्तरोन्नतिका क्रममा राति १० :०० देखि बिहान ८:०० बजेसम्मका सबै उडान कटौती हुनेछन् । हाल विमानस्थल बिहान ६:०० बजे खुलेर राति २:०० बजेसम्म सञ्चालन हुँदै आएको थियो ।

आयोजना प्रमुख दीपेन्द्र श्रेष्ठले टीआइएको धावनमार्गसँगै समानन्तर हुने गरी ट्याक्सीवे बनाउन लागिएको छ । उहाँले उडान सुरक्षामा कुनै खतरा उत्पन्न नहोस् भनेर उडान बन्द गरिएको उल्लेख गर्नुभयो ।

नेपालमा हाल तीन अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा छन् । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल स्थापनाको ७४ वर्षपछि भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएका हुन् ।

मुलुकको जेठो अन्तर्राष्ट्रिय विमानस्थल टीआइएको पटकपटक मर्मत र क्षमता अभिवृद्धि गरिँदै आएको छ । विसं २०७७ मा सो विमास्थलको धावनमार्ग विस्तार गरी तीन हजार तीन सय मिटर कायम गरिएको थियो । त्यतिबेला पनि बेलुका ६:०० देखि बिहान ६:०० बजेसम्म दैनिक १२ घण्टा उडान बन्द गरिएको थियो । तत्कालीन समयमा विमानस्थलको धावनमार्गको दक्षिणतर्फ (कोटेश्वर क्षेत्र रनवे जिरो-टु) विस्तार भएको थियो ।

विसं २०७५ मा दैनिक १० घण्टा विमानस्थल बन्द गरेर झण्डै चार महिना अन्तर्राष्ट्रिय विमानस्थलको धावनमार्ग पूर्ण रूपमा मर्मत (कालोपत्र) गरिएको थियो । विमानस्थल मर्मतको अवधिमा आन्तरिक र अन्तर्राष्ट्रियतर्फ करिब ३० प्रतिशत उडान कटौती भएको थियो ।

विमानस्थल भएर आन्तरिकतर्फ ११ हेलिकप्टर कम्पनीसहित १९ हवाई कम्पनी र आन्तर्राष्ट्रियतर्फ तीन नेपालीसहित ३० हवाई सेवा कम्पनीले उडान गर्दै आएका छन् । काठमाडौँ विमानस्थलमा आन्तरिकमा दुईतर्फी तीन सयभन्दा बढी र अन्तर्राष्ट्रियतर्फ एक सय हाराहारी उडान हुने गरेका छन् । रासस

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ।। गाउँको सम्झना ।।

हावा झन्दै ल्याउँछ ती पुराना गीत,
पानीको बाँच्न यो गुनगुनाइन्छ सँगै।
चियाको भेडी र बत्तासको सुवास,
गाउँको माया सधैं लाग्छ, साथै।
सार्वजनिक बाटोका पाटा, हरियाली कुराहरू,
सपना पुरा गर्दै, त्यसैलाई घर बनाउँछ।
आकाशको छालामा कुहिरो मिसिन्छ,
तारा हराएको रातमा आफैलाई पाउँछु।
भाका पुराना, बालापनको खेल,
सम्झनामा खोला र बगालेको मेल।
माटोको गन्ध र मुन्टोको सौन्दर्य,
सपना देखाउँछ मलाई, जुन कहिल्यै न मरेको।
गाउँको सम्झनामा रमाइलो संसार,
जति सम्झुँ, त्यति मात्र ताजा हुन्छ बारम्बार।
यत्रा बिना पनि, म बाटो बन्छु,
गाउँको सम्झना सँगै, मलाई पाउँछु।



**लेखक: रशमी दनुवार**
**मोरङ्ग, नेपाल**

## ।। छठि गीत ।।

करियौ अहाँ सवके बेरा पार हे छठी मैयाँ
अहाँ के महिमा अपार हे छठी मैयाँ
दियौ अहाँ सबके बुद्धि ज्ञान
भऽ जाई जाँहिसँ सबहक कल्याण
कऽ दियौ अतेक उपकार हे छठी मैया
अहाँके महिमा .............
अहीँ सँ हेतै सबहक उधार माँ
सब गोटे अओताह अहीँ के घाट माँ
करबै अहीँ चमत्कार हे छठी माया
अहाँके महिमा ..............
बाझिन के कोखि देबै कोढिन के काया
निर्धनके धन देबै,निर्बलके माया
करियौ सबहक जिनगी उद्धार हे छठी मैयाँ
अहाँके महिमा ..........



**धनेश्वर ठाकुर**
**धनुषाधाम, ४ लक्ष्मीपुर**
**हाल सात समुद्र पार दोहा कतार**

## ।।पर्व पछि बिछोड।।

पर्वको रौनक, त्यो उल्लास,
रंगीन पल, हाँसोको आभास,
तर त्यो सबै अब फेरि गुमेको छ,
पछाडि फेरि, हामी टाढा गयौं।
दूरीका पाटो फेरि खुल्यो,
समयका हातमा हामी बिछिन्यौं,
पर्वका मीठा क्षणहरू छोडेर,
अब पुनः एकान्तमा डुब्यौं।
यस्तो बेला आउँछ, चाडपर्व पछि,
सपना जस्तो हराइन्छ त्यो खुशी,
आज हामी फेरि अलग भयौं,
तपाईं र म, दूर पर गयौं।



**लेखक:- आदित्य झा**
**कक्षा :-१०**
**श्री राष्ट्रिय माध्यमिक बिधालय,**
**जनकपुरधाम-१० रूपैठ , बेलहिं**

## ।। छठ पर्व ।।

सूर्यको पूजा छठको बानी भयो,
नदी किनारमा प्रेमको कहानी भयो।
ठेकुवा, फलफूल, अर्घ्यका साथ,
मनमा हर्षको उमंगको रवानी भयो।
दीप प्रज्वलित सूपमा सजियो,
परिवार संगै खुशीको निशानी भयो।
सूर्यको किरणले आशीर्वाद दिँदै,
धरती आकाश सब उज्याली भयो।
छठ पर्वले सबैलाई जोडिदियो,
मिलनको यो पर्व साक्षी पवित्र निशानी भयो।



**लेखक विवेक साह**
**जनकपुरधाम ४**
**डिप्लोमा इन कम्प्युटर इन्जिनियरिङ ( ६ सेमेस्टर)**

## ।। सुन मेरी आमा ।।

खाडी नै भएपनि ।
बिदेश जानू मेरो सपना छ आमा ।।
चाहे दुःख होस वा सुख ।
जीवन सफल बनाउनु छ आमा ।।
बिदेशनु मेरो रहर होइन ।
बाध्यता हो आमा ।।
मनमा मेरो पनि धेरै चाहना ।
पूरा गर्ने सरह हो आमा
सबैले नाना थरी कुरा गर्छन ।
सफलता दुःखले नै पूरा हुन्छन आमा ।।
यस जुनी धेरै सुख नभए पनि ।
दुःखमै सुख खोज्नेछु आमा ।।
छिमेकी काकाको त्यो ठुलो स्वर ।
तल झार्ने छु आमा ।।
तपाई चिन्ता नगर्नु ।
चाडै फर्केर म आउनेछु आमा ।।
साहुको त्यो धाक रातीको निद्रा ।
भगाउछ रे आमा ।।
एक दिन यस्तो पनि आउँछ ।
रात त बित्छ , निद्रा बाकी नै हुन्छ आमा ।।
दिन अघि बढेपनि हर्ष, उमङ्ग ।
कुनै दिन आउछ आमा ।।
बैगुणीलाई नै दुःख कति हुन्छ ।
समयले सबलाई सफल बनाउछ ।
एक दिन आमा ।।
स्वदेशमा तपाइँको छोराले बेच्न ।
सकेन आफ्ना ज्ञान सीप ।।
अब मलाई पनि लाग्दैछ ।
साथीभाइले भनेको बिदेसनु नै हो एउता जित ।।
पखाल्न सकिन म आफना सिपलाई ।
वास्तविक जिवन्त सिकाईको बाटो ।।
देखाउन सकिन आफना मनलाई ।
यथार्थ ज्ञान सत्य तथ्यको साटो ।।
खाडी नै भए पनि ।
बिदेश जानू मेरो सपना छ आमा ।।
दुःख होस वा सुख होस ।
जीवन सफल बनाउनु छ आमा ।।



**लेखक:-अनित कुमार मण्डल**
**जनकपुर( लोहना-१५)**

## ।। छठको उल्लास ।।

उषाको रागमा, सूर्यको तेजसँग,
छठको पर्वमा चम्कियो आकाश रंग।
साथीभाईसँग रमाईलो भयो त्यो दिन,
माटोको सौगात, र हाम्रो शुद्ध मन।
अरुण उदाउँदा, अर्घ्य चढाई,
श्रद्धा र विश्वासले, मनको आँगन सजाई।
सज्यो दियो, सिउँदोमा सिन्दूरको छाँया,
छठको माटोमा, भरिन्छन् सबैका माया।
नदी किनारमा एकत्रित भै, भक्तिका धुनमा गायौं,
सूर्य देवको स्वागत गर्दै, मनका भावनालाई सजायौं।
पानीमा प्रतिबिम्बित त्यो सूर्यको प्रकाश,
भक्ति र प्रकृतिको अनुपम उपहार, अनन्त उल्लास।
संगतमा मित्रहरू, हाँसो र रमाइला कुराहरु,
हास्यको लहर चलायो, बिते ती सुनौला क्षणहरू।
कति मिठा परिकार, ठेकुवा, पिउरा, कसार,
घरको माया बोकेका, ती स्वादको संसार।
झुल्किंदो रश्मिमा समर्पण गर्यौं हामीले प्रीत,
सूर्य देवको ऊर्जामा पाइयो एउटा न्यानो जीत।
साँझ पर्दा पनि उज्यालो भित्र, हाम्रो आस्था सजाई,
छठको त्यो पूजामा, निखियो मनको हराई।
रातीको शान्तिमा दियोको प्रकाशले,
धरती र आकाश दुवैको रहर सँगै, सजायो त्यो प्रेमको पास।
सहकार्यको संगत, भक्ति र आशा,
छठको त्यो दिनको याद, सदा रहिरहोस् हाम्रो भाषा।



**नाम : बिनय दाहाल काजि**

## ।। बिछोड र आत्मियता ।।

समाई भन्दा पहिला केही हुँदैन, त्यो स्पर्शले दिन्छ जीन्दगीलाई आकार,
जुन दिन छुट्यौं हामी, मनमा बस्यो त्यो पिडाको अमिट भार।
तिम्रो हात समाउँदै गरिएका वाचा, यादमा छन् अझै ताजा,
तिमी सँगै बितेका ती पलहरू, दिलको कुनामा अमूल्य साझ।
समाईभन्दा पहिला केही हुँदैन, टाढा हुँदा पनि तिमी मेरो हरेक धड्कनमा छौ,
तिम्रो यादले माया गर्छ, मानौं तिमी सधैं मेरो नजिकै छौ।
त्यो साथ फेरी पाउने आशामा, हरेक दिन सपनाहरू बुन्छ यो मन।



**नाम:- राम कृष्ण ठाकुर**
**लोहारपट्टि न.पा महदैया -०३(महोत्तरी)**

## ।। जीवनको यात्रा ।।

जीवन को यात्रा, सब भन्दा ठूलो गुरु ।
आमा ले बोल्न सिकाउँछ
बाबा ले दुनियाँ चिनाउँछ
स्कुल को गुरु ले,
जीवन को मुल्यमन्त्र सिकाउँछ
आध्यात्मिक शिक्षा दिन्छ ।

दुःख ले आफ्न्त लाई चिनाउँछ
सुख ले हरेकपल बाँच्ने पाठ सम्झाउँछ
प्रेम ले सम्बन्धको अर्थ सिकाउँछ
घृणा ले आफ्नो अस्तित्व मेटेको बुझाउँछ
अनि एक्लोपन आफ्नो अस्तित्व सम्झाउँछ
भीड मा एक्लो महसुस गराउँछ ।

अन्ततः एक्लै संसार मा आयौ र एक्लै छोड्ने हो र,
यसरी एक्लै बाँच्ने आधार सिकाउँछ,
जीवन को यात्रा मा धेरै यात्री भेट्छौ ।

केही खास बन्छ
केही साथ दिन्छ,
तर अन्त्यमा ,
आफैसंग भेट हुन्छ
आफ्नै अस्तित्व को खोजीमा
जीवन को सार थाह हुन्छ
अनुभवहरु ले ज्ञान बढाउँछ
विफलता ले प्रयास को महत्त्व बुझाउँछ
र अन्ततः
जीवन ले नै जीवन को पाठ पठाउउँछ।



**लेखक:-निरज कुमार यादव**
**ठेगान:- लक्ष्मीनियाँ गाँउपालिका वार्ड:-३**

## कहिले न भेटेको साथी

तिमी कहाँ हौ, के गर्दै हौ?
समयको धारा सँगै बग्दै
तिमी र म अल्झिएका हौं।

हाम्रो गहिरो सम्झना
अझै मनमा ताजै छ,
हासोका ती क्षणहरू
वर्षौंपछि पनि हराइन्।

सपना जस्तो लाग्थ्यो हाम्रो समय,
तर समय भने सधै फरक छ,
तिमी कहाँ गयौ, साथी,
मलाई खोजिरहन्छ यो मन।

कहाँ कति व्यस्तता र यात्रा
दुनिया सँगै जुँडिँदै गए,
तर हामीलाई बीचको दूरी
कसैले न नाप्ने के बलियो रहे?
कहिले न भेटेको साथी,
तर तिमी मेरो मनको एक हिस्सा हौ,
तिमीलाई याद गर्दै,
सपना हराउँदै अझै यो जीवन बाँकी छ।



**लेखक:बब्लु शर्मा**
**ज. उ. न. पा. ०७**

## ।। मेरो अनुभव ।।

मैले मेरो शरीरमा दाँतले ११३ पटक टोकेको दुःखको अनुभव गरे

मैले मेरो शरीरको सबै भन्दा बलियो पेलभिस् हड्डी भाँचेको भयानक दर्दको अनुभव गरे

मेरो घाँटी माथि हातले थिच्दा नाक बात रगत आएको पीडा को अनुभव गरे

जुन बिरामी लाई म बचाउनको लगाई निद्रा सम्म त्याग गरे तिनै ५० जना भन्दाबढी बिरामी मेरो बलत्कार गर्दा त्यो दर्दको अनुभव गरे

दुखी म छैन मेरो दर्द न सहेर मृत्यु भयो,
दुःख त म लाई यसको छ कि यो मानवता हराएको संसारमा
अरूको ज्यान बचाउने पेशा म रोज्न पुगे



**नाम:- रामनारायण साह सोनार**
**ठेगाना :- छिपहरमाई गा.पा.-०४, तुल्सी बार्वा**
**पेशा :- शिक्षक (नेपाल सरकार)**

## ।। परिश्रमी छोरो ।।

पढाइमा लाग्छ ऊ बिहान बेलुका,
पाँच महिनामै छ परीक्षा, मनमा छ झल्का।
जागेर बसेको रातभर, निद्रा नभनि,
शब्दका सागरमा डुबेको, ज्ञानको तरंगमा फेरी।
आमाको हातको चिया चुस्काउँदै,
पिताको सपना मनमा बोक्दै,
जुन आसमाझिल्को थियो, निभेको छ उसको,
तर छोरोको मनमा उज्यालो बनेको छ उसको।
बाबाको नाम गर्वले उचाल्ने छ,
त्यो सपना जो उनीसँगै गुमाएको,
परिश्रमी छोरोको आँटले पूरा गराउने,
पाँच महिनाको मेहनतमा उनको विश्वास राख्ने।
सपना ठूला छन् उसको, आँखा चम्किएको,
दुख र परिश्रमले छ जीवन लेखिएको।
"बाबा, तिमीलाई गर्व गराउनेछु म," भन्छ ऊ,
जीवनको परीक्षा पार गर्न, आँट भरिएको।
बिहान र रात, किताबकै साथी,
परिश्रमी छोरोको, जिन्दगीको यही छ बाटो साथी।



**सौम्य राज पाठक**
**कक्षा १२, मोडेल कलेज**
**घर :- जलेश्वर ८ (बजराही)**

## ।। मेरो जीवनको सम्पत्तिः बाबा-आमाको माया ।।

के नाम दिउँ त्यो माया
जुन माया मेरो बाबा आमाले मलाई दिनुभयो,
यति धेरै माया पाएँ म,
शब्दले वर्णन गर्न खोज्दा पनि
मलाई सधैं लाग्छ– त्यो अझै अपूरो नै हुन्छ।
मेरो बाबा, जसले हरेक दुःख हाँसी हाँसी सहनुभयो,
कसरी म आफ्नो बाबा आमालाई,
कुनै अस्थायी प्रेमका लागि छोड्न सक्छु?
मेरा सपनाहरू साकार गर्न, सधैं म सँगै रहनु भयो।
आजसम्म जे मागेँ, त्यो पाएँ उहाँहरूको आशीर्वादले,
उहाँहरूको सिकाइले सधैं असल बाटो देखाइरह्यो।
जीवनमा असफल भए पनि,
उहाँहरूको मायाले सधैं साहारा दिएर उभ्याउँछ।
विश्वास गरेर धोखा पाइरहेँ धेरै पटक,
कसरी अब फेरि विश्वास गर्ने?
अब मलाई झुटो मायाको कुनै चाहना छैन।
म आफ्नो बाबा आमाको साँचो मायाले,
धेरै खुशी छु,
यो माया नै मेरो जीवनको सम्पत्ति हो।



**गुड्डु सिंह कुशवाहा**
**कक्षा:- १२, मोडेल मल्टिपल कलेज**
**घर:- औरही न. पा. :-०६ (भवानिगञ्ज)**

## ।। गजल ।।


यता ठगलाई देउता ठान्ने देश रहेछ मेरो
तिनैलाई चुनावमा छान्ने देश रहेछ मेरो
कस्तो अन्धभक्ती छ हेर्न लाज लाग्छ
भ्रष्टाचारीलाई चोखो मान्ने देश रहेछ मेरो ।।
बेथितीका भित्ताहरु ठूल्ठूला रहेछन् तर
अज्ञानीहरुले ज्ञान जान्ने देश रहेछ मेरो ।।
भविष्यको चिन्ताले कसैलाई छोको छैन
ऋण बोकी देश धान्ने देश रहेछ मेरो ।।
युवाजति विदेशमा देश सुनसान भाछ
भलो सोचे खुट्टा तान्ने देश रहेछ मेरो ।। ।।



**मनमोहन झा**
**श्री रामवती जगदेव जनता प्राविधिक नमुना माध्यमिक विद्यालय**
**बगडा,महोत्तरी**

## ।। सत्य बोली।।

सुनौलो सुरियको प्रकाश
पछि बिहानी भइहाल छ नि
जहाँ माया हुन्छ , त्यहाँ सानो
सानो झगडा भइ हाल्छ नि
नकारात्मक कुरा पछि सकारात्क
को परिवर्तन भै हाल छ नि ।।
सुरियको अस्था पछि साँझ भई
हाल छ नी ,नयाँ सुरुवात को
कम्रमा अलि अलि गाह्रो भई हाल्छ नि,
जहाँ बढी भीडभाड हुन्छ त्यहा
अलि अलि धकाधुकी भई हाल्छ नि,
जस्तै दिन पछि रात हुन्छ त्यस्तै दुःख
पछि सुख शान्ति को प्राप्ति भई हाल्छ नि ।।
दुःख देखेंको केटा पिडा त सहि हाल छ नि



**लेखक रोहन भुजेल**
**जनकपुरधाम -७,(रा. रा. ब. ) (बि एड फर्स्ट येर १०८०)**

# 'नागरिकता कानुनलाई लैङ्गिक समानता हुने गरी संशोधन गरिनुपर्ने'



काठमाण्डु । नागरिकता कानुनलाई लैङ्गिक समानता हुने गरी संशोधन गरिनुपर्नेमा कानुनसँग सम्बन्धित अभियानकर्मीले जोड दिएका छन् ।

महिला, कानुन र विकास मञ्चले आज यहाँ आयोजना गरेको 'नेपालको नागरिकतासम्बन्धी कानुनमा लैङ्गिक समानताको प्रश्न?' विषयक छलफलमा सहभागीले संविधान र कानुनमा भएका व्यवस्था पनि प्रभावकारी रूपमा कार्यान्वयन नभएको बताएका हुन् ।

नागरिकता समस्याका बारेमा मञ्चमा आबद्ध भएर काम गरिरहनुभएकी अधिवक्ता सुष्मा गौतमले नेपालको संविधान, २०७२ जारी भएको आठ वर्षपछि मात्रै संविधान अनुसार नागरिकतासम्बन्धी कानुनमा संशोधन भएको जनाउँदै अहिले पनि सबै मुद्दा सम्बोधन नभएको बताउनुभयो । अझै बाँकी रहेका विभेद्का विषयलाई नागरिकतासम्बन्धी कानुनबाट हटाउन सबैले पहल गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

"कानुनले बाबु वा आमा पत्ता नलागेको व्यक्तिले वंशजको नागरिकता प्राप्त गर्छ भन्छ तर यो कानुनी व्यवस्था कार्यान्वयन हुन सकेको छैन । पछिल्लो पटक नागरिकता ऐन र नियमावलीमा संशोधन भएपछि सबै मुद्दा समेटिएको भनिए पनि व्यवहारमा कार्यान्वयन हुन सकेको छैन, सर्वोच्च अदालतले गरेको फैसलाका आधारमा पनि नागरिकता दिइएको छैन", अधिवक्ता गौतमले भन्नुभयो ।

लैङ्गिक समानताका दृष्टिले संविधानको धारा ११ का ५, ६ र ७ नं बुँदामा उल्लेख भएका विषय विभेद्पूर्ण रहेका जानकारी पनि कार्यक्रममा गराइएको थियो । यस्ता विभेद्पूर्ण व्यवस्थालाई यथाशीघ्र संशोधनमार्फत टुङ्ग्याउनुपर्नेमा सहभागीले जोड दिनुभएको थियो ।

अधिवक्ता बिनु लामाले विदेशीसँग विवाह गरेका छोराका सन्तानलाई वंशज र छोरीका सन्तानलाई अङ्गीकृत नागरिकता दिनेजस्ता विभेद्पूर्ण कानुनी व्यवस्था तत्काल संशोधन गरिनुपर्नेमा जोड दिनुभयो । विसं २०६३ मा बनेको नागरिकता कानुन विसं २०८० मा वर्तमान संविधान अनुसार संशोधन हुँदा पनि आमाको नामबाट दिने नागरिकताका सम्बन्धमा विभेद्पूर्ण व्यवस्था कायम रहेकाले संशोधन गरेर यस्ता विभेद् अन्त्य गरिनुपर्ने उहाँले बताउनुभयो । रासस

# विमानस्थल मर्मतका कारण उत्पन्न समस्याको समाधान खोज्न परराष्ट्रमन्त्रीको आग्रह



काठमाण्डु । परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले मर्मतका लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनको समय कटौती गरिएपछि हवाई उडानका क्षेत्रमा उत्पन्न समस्याको समाधान खोज्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा एवं संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँग आग्रह गर्नुभएको छ ।

विमानस्थल कार्यालयले उडानको समय दैनिक १० घन्टा घटाएपछि विदेशी वायुसेवा कम्पनीले काठमाडौं उडानमा कटौती गरेका छन् । यही कारण देखाएर वायुसेवा कम्पनीहरूले पनि नेपालबाट हुने उडानमा दोब्बर भाडा बढाएपछि समस्या उत्पन्न भएको हो ।

आज परराष्ट्र मन्त्रालयमा श्रममन्त्री शरतसिंह भण्डारी र संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्री पाण्डेसहितको बैठकमा मन्त्री डा राणाले उहाँहरूलाई विकसित पछिल्लो परिस्थितिको अध्ययन गरी आवश्यक निकासका लागि सो आग्रह गर्नुभएको हो ।

सो बैठकमा नेपाल वैदेशिक रोजगार व्यवसायी सङ्घका प्रतिनिधिले उक्त समस्याको समाधानका लागि आग्रह गर्दै मन्त्री डा राणालाई ज्ञापनपत्र दिनुभएको थियो । उहाँहरूले विमानस्थलले उडान समयमा गरेको कटौतीको कारण देखाएर हवाई कम्पनीले दोब्बरभन्दा बढी भाडा वृद्धि गरेका र यसका कारण नेपालबाट वैदेशिक रोजगारीमा जाने श्रमिक मारमा परेका जानकारी गराउनुभएको थियो ।

सो बैठकमा मन्त्री डा राणाले भन्नुभयो, "वैदेशिक रोजगारीमा जाने नेपालीलाई महँगो टिकटका कारण समस्या परेको त छँदैछ, यो मारमा अरु पनि परेकाले धेरै गुनासो आएको छ । हवाई कम्पनीले यदि एकाधिकार गरेका छन् भने उनीहरूलाई नियमन गरी आवश्यक प्रक्रियाभित्र ल्याउनुपर्दछ ।"

नेपालबाट टिकट नपाउने तथा धेरै नै महँगो हुने समस्या भएकाले वैदेशिक रोजगारीमा जाने नेपालीहरूलाई केही समयका लागि भारतको विमानस्थल हुँदै जानुपर्ने अवस्थाका लागि कूटनीतिक पहल गरिदिन सङ्घका अध्यक्ष राजेन्द्र भण्डारी, पूर्वअध्यक्ष विमल गौतम एवं प्रतिनिधि प्रज्ञान न्यौपानेलगायले मन्त्री डा राणसँग आग्रह गर्नुभएको थियो ।

मन्त्री डा राणाले त्यस्तो अवस्था आएमा आफूले कूटनीतिक पहल गर्ने आश्वासन पनि दिनुभएको थियो । उहाँले विमानस्थल मर्मत गरिने सूचना नेपालले छ महिना अघिदेखि नै दिएकाले अहिले आएर विदेशी हवाई कम्पनीले अस्वाभाविक रूपमा भाडा वृद्धि गर्न नहुने बताउनुभयो ।

मन्त्री भण्डारीले श्रमिकलाई अहिले मर्का पर्नु त छँदैछ, यो समस्या राष्ट्रिय समस्या पनि भएकाले समाधानका उपायहरुको खोजी गरिने जानकारी दिनुभयो ।

अर्का मन्त्री पाण्डेले विमानस्थल मर्मतको कामको सूचना पहिल्यैदेखि दिइएकाले अहिले हवाई कम्पनीहरुले आफूखुसी मूल्यबृद्धि गर्न नपाउने जिकिर गर्दै समस्याको समाधानका विकल्पका बारेमा छलफल गरिरहेको बताउनुभयो ।

उहाँले विमानस्थल मर्मत पनि गर्नैपर्ने काम भएकाले यसलाई निरन्तरता दिँदै यसबाट उत्पन्न असहज परिस्थितिको समाधानका लागि विकल्प खोजिने बताउनुभयो । रासस

# प्रस्तावित दुई न्यायाधीश सर्वसम्मत अनुमोदन

काठमाण्डु । संसदीय सुनुवाइ समितिले सर्वोच्च अदालतका लागि प्रस्तावित दुई न्यायाधीशलाई सर्वसम्मतिले अनुमोदन गरेको छ ।

सिंहदरबारमा आज बसेको समितिको बैठकले सर्वोच्च अदालतका लागि प्रस्तावित न्यायाधीश नृपध्वज निरौला र नित्यानन्द पाण्डेमाथि सुनुवाइ गरी सर्वसम्मतिले अनुमोदन गरेको हो ।

समितिका सभापति (ज्येष्ठ सदस्य) पशुपति शमशेर राणाले सर्वोच्चको न्यायाधीशमा निरौला र पाण्डेको नाम सर्वसम्मतिले अनुमोदन गरेको जानकारी दिनुभयो । प्रस्तावित न्यायाधीशद्वयले न्यायालय सुधारका कार्ययोजना प्रस्तुत गर्नुभएको थियो । समितिमा प्रस्तावित न्यायाधीश निरौलाविरुद्ध दुई वटा उजुरीसमेत परेको थियो ।

समितिले अनुमोदन गरेपछि राष्ट्रपतिले सर्वोच्च अदालतको न्यायाधीश नियुक्त गर्ने संवैधानिक व्यवस्था छ । रासस

# 'दलित मानव अधिकार पुस्तक-२०८०' सार्वजनिक



काठमाण्डु । समता फाउण्डेसनद्वारा प्रकाशित 'दलित मानव अधिकार पुरस्तक-२०८० ' आज सार्वजनिक गरिएको छ ।

फाउण्डेसनले यहाँ आज आयोजना गरेको 'जलवायु परिवर्तन र त्यसले सीमान्तकृत समुदायमा पारेको प्रभाव' विषयक अन्तर्क्रियाका अवसरमा वन तथा वातावरण राज्यमन्त्री रुपा विक, फाउण्डेसनका अध्यक्ष डा मदनप्रसाद परियार र फाउण्डेसनका सञ्चालक समिति सदस्य तथा पूर्वराजदूत पदम सुन्दासले संयुक्त रुपमा पुस्तक सार्वजनिक गर्नुभएको हो ।

फाउण्डेसनका अनुसार विसं २०८० मा सार्वजनिक तथा निजी स्थानमा जातका आधारमा विभेद, छुवाछूत, निषेधका जम्मा १२ वटा (१७ प्रतिशत) घटना भएका छन् भने सात वटा उजुरी दर्ता र एक वटा मिलापत्र गरिएको छ ।

त्यसैगरी पेसा, व्यवसाय तथा श्रममा जातका आधारमा विभेद, छुवाछूत, निषेधका जम्मा पाँच (८ प्रतिशत) वटा घटना भएका छन् भने तीन वटा घटना कानुनी प्रक्रियामा अगाडि बढाइएको छ र तीमध्ये एक वटा घटना विदेशी भूमिमा (जापानको टोकियोस्थित रेस्टुरेन्ट) भएको छ ।

"अन्तरजातीय विवाहमा जातका आधारमा विभेदका १० (१७ प्रतिशत) वटा घटना भएका छन् भने छ वटा घटना कानुनी प्रक्रियामा अगाडि बढाइएको छ । १० वटामध्ये दुई वटा घटनापीडितलाई झुठो मुद्दा लगाइको घटना छ", अध्ययन पुस्तकमा भनिएको छ ।

त्यसैगरी जातका आधारमा गाली बेइज्जती, अपमान, कुटपिट, धम्कीका २९ (४८ प्रतिशत) घटना भएको, २५ वटा घटना कानुनी प्रक्रियामा गएको र दुई वटा घटनामा कानुनी कारबाही भएको फाउण्डेसनका अध्यक्ष डा मदनप्रसादले जानकारी दिनुभयो ।

त्यसैगरी धार्मिकस्थलमा जातका आधारमा विभेद, छुवाछूत निषेधका ४ (१० प्रतिशत) घटना भएका छन जसमा तीन वटा उजुरी दर्ता भएको छ । प्रदेशगत रुपमा हेर्दा कोसी प्रदेशमा चार, मधेस १६, वाग्मती पाँच, गण्डकी पाँच, लुम्बिनी आठ, कर्णाली ११, सुदूरपश्चिम १० गरी जम्मा ६० वटा घटना भएका छन् ।

"धेरैजसो जातीय भेदभाव तथा छुवाछूतका घटना बाहिर आउँदैनन्, आएका घटना मिलापत्रमा टुङ्गिन्छन्, जातीय विभेदलाई संरक्षण गर्ने, पीडितविरुद्ध झुटो मुद्दा लगाउने गरिन्छ, उल्लेखित ६० वटा घटनाहरू जातका आधार घटेका प्रतिनिधिमूलक घटनाहरू हुन, जसले दलित समुदायको मानव अधिकारको अवस्थामा अपेक्षित रूपमा सुधार हुन नसकेको तथ्यलाई देखाउँछ", अध्ययन पुस्तकमा समावेश गरिएको छ । रासस

# 'सहरीकरणमा देखिएका चुनौती सम्बोधन गर्न राष्ट्रसङ्घसँग सहकार्य गरिने'



काठमाण्डु । उपप्रधानमन्त्री तथा सहरीविकासमन्त्री प्रकाशमान सिंहले मुलुकका प्रमुख सहरी चुनौती सम्बोधन गर्न 'यूनाइटेड नेसन्स ह्युमन सेटलमेन्ट प्रोग्राम' (यूएन-ह्याबिटेट) सँग सहकार्य गरिने बताउनुभएको छ ।

इजिप्टको कायरोमा जारी 'वर्ल्ड अर्बान फोरम'को कार्यक्रममा आज यूएन ह्याबिटेटका एसिया र प्रशान्त क्षेत्रीय प्रतिनिधि काजुको इसिगाकी र नेपालका लागि संयुक्त राष्ट्रसङ्घीय आवासीय प्रतिनिधि हाना सिङ्गर ह्याम्डीसँग मन्त्री सिंहले द्विपक्षीय बैठक गर्नुभएको थियो ।

बैठकमा उहाँले नेपालले सामना गरिरहेको प्रमुख सहरी चुनौतीलाई सम्बोधन गर्न सहकार्य आवश्यक रहेकामा जोड दिनुभएको उपप्रधानमन्त्री तथा सहरी विकासमन्त्रीको सचिवालयले जनाएको छ ।

भेटमा इसिगाकीले तथ्य र तथ्याङ्कमा आधारित योजनामा यूएन ह्याबिटेटको निरन्तर सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभयो । त्यसैगरी नेपालका लागि आवासीय प्रतिनिधि ह्याम्डीले दिगो सहरीकरणका लागि बलियो सहकार्य गर्न संयुक्त राष्ट्रको समर्थन रहने जानकारी गराउनुभयो ।

मन्त्री सिंहको सचिवालयका अनुसार दिगो विकासका लक्ष्यलाई स्थानीयकरण गर्न र सहरी योजनालाई मुख्य प्रवाहमा ल्याउने जटिल सहरी चुनौतीको सामना गर्न यूएन ह्याबिटेटको भूमिकामासमेत आवासीय प्रतिनिधि ह्याम्डीले जोड दिनुभयो । विश्व फोरममा नेपालका तर्फबाट उपप्रधानमन्त्री सिंहले तीन वटा सत्रमा सम्बोधन गर्नुभएको थियो ।

उपप्रधान एवं सहरी विकासमन्त्री सिंहले नेपालमा जलवायु परिवर्तनले पारेको असरबारे चर्चा गर्दै जलवायु न्यायको माग गर्नुभएको थियो । नेपाल जस्ता विकासोन्मुख देशले कम कार्बन उत्सर्जन गरे तापनि जलवायु परिवर्तनको प्रत्यक्ष असर धेरै देखिएकाले अन्तर्राष्ट्रियस्तरको जलवायु वित्तमा सजिलो पहुँच र प्राविधिक सहयोगमार्फत मात्र जलवायु न्याय हुने कुरा विश्व समुदाय समक्ष जोडदार रुपमा उठाउनुभएको मन्त्री सिंहको सचिवालयले जनाएको छ ।

इजिप्टको कायरोमा नोभेम्बर ४ बाट सुरु भएको फोरम आज समापन हुँदैछ । उपप्रधान सिंह भोलि शनिबार स्वदेश फर्किने कार्यतालिका छ । रासस

# हवाई भाडावृद्धि नियन्त्रणबारे मन्त्रिस्तरीय छलफल




काठमाण्डु । अन्तर्राष्ट्रिय विमान कम्पनीको हवाई भाडावृद्धि भएको विषयमा अन्तरमन्त्रालय छलफल भएको छ । संस्कृति पर्यटन तथा नागरिक उड्डनमन्त्री बद्रीप्रसाद पाण्डेले आज परराष्ट्रमन्त्री डा आरजु राणा देउवा र श्रम तथा रोजगारमन्त्री सरदसिंह भण्डारीसँग छलफल गर्नुभएको हो ।

हवाई भाडावृद्धिका कारण वैदेशिक रोजगारीमा जाने श्रमिकहरु मर्कामा परेकोलगायतका विषयमा पर्यटनमन्त्री पाण्डेले परराष्ट्रमन्त्री, श्रम तथा रोजगारमन्त्रीसहित वैदेशिक रोजगार सम्बद्ध संस्थाका प्रतिनिधिसँग हवाई भाडावृद्धिबारे छलफल गर्नुभएको हो ।

त्यसअवसरमा वैदेशिक रोजगारीमा जानेका लागि नयाँ दिल्लीस्थित विमानस्थल प्रयोग गर्न यसअघि लगाइएको रोक खुला गर्ने तथा भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा थप उडानका लागि सहजीकरण गर्ने लगायतका विषयमा छलफल भएको पर्यटन मन्त्रालयले जनाएको छ ।

छलफलका क्रममा परराष्ट्रमन्त्री आरजु राणा देउवाले हवाईभाडा वृद्धि नियन्त्रणका लागि आफूले पहल गर्ने बताउनुभयो । उहाँले अन्तरमन्त्रालय बैठक बसेर समस्या समाधान गर्ने उल्लेख गर्दै तत्काललाई यात्रुहरुलाई मध्यनजर गर्दै दिल्लीबाट उडान भर्नका लागि दूतावासमार्फत पहलका लागि अनुरोध गरिने जानकारी गराउनुभएको थियो । श्रम तथा रोजगार तथा समाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीले यस अघि भारतको नयाँ दिल्लीबाट नेपालीहरु श्रमगन्तव्यमा जाने गरेको भए पनि म्यानपावर व्यवसायीहरुकै आग्रहमा मानव तस्करी बढेको गुनासोपछि रोक लगाएको बताउनुभयो । मन्त्री भण्डारीले भैरहवा र पोखरा विमानस्थलबाट हवाई उडान भर्न आग्रह गर्नुभयो । हवाई टिकटमा भएको मूल्यवृद्धिका कारण नेपाल आउने पर्यटक समेत मर्कामा परेको भन्दै मन्त्री भण्डारीले सिन्डिकेट र कार्टेलिङ भएको भए त्यसलाई रोक्नुपर्नेमा जोड दिनुभयो ।

पर्यटनमन्त्री पाण्डेले हाल त्रिभुवन विमानस्थलको धावनमार्ग विस्तारका लागि विमानस्थलमा रातिको समयमा हुने उडान समय घटाएको विषयलाई लिएर हवाई टिकटमा वृद्धि भएको हुनसक्ने उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "धावनमार्गको विस्तारको सूचना बाहिरिएसँगै विमान कम्पनीहरुले उडान कटौती गर्ने योजना बनाइसक्नुभएको थियो । पोखरा र भैरहवा अन्तर्राष्ट्रिय विमानस्थलमा 'फ्लाइट डाइभर्ट' गर्न थालिएको छ ।"

छलफलका क्रममा विमानस्थलको ट्याक्सी वे विस्तारका लागि रातिको समय विमानस्थल बन्द भएको बहानामा केही विमान कम्पनीले कार्टेलिङ गरेको हुनसक्ने उल्लेख गर्दै वैदैशिक रोजगारसँग सम्बद्ध व्यवसायीहरुले यस विषयमा सरकारले आवश्यक निर्णय गर्नुपर्नेमा जोड दिएका थिए ।

लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएनका अध्यक्ष दीपक थापाले नेपालबाट अन्तर्राष्ट्रिय हवाई भाडामा अस्वभाविक रुपमा वृद्धि भइरहेको र यसमा विमान कम्पनी र केही ट्राभल एजेन्सीहरुको हात रहेको दाबी गर्नुभयो । रासस

## उपनिर्वाचनबारे छलफल गर्न रास्वपाले बोलायो केन्द्रीय समिति बैठक

काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टी केन्द्रीय समितिको बैठक भोलि बिहान पार्टी कार्यालय बालाजुमा बस्ने भएको छ । बैठकमा आसन्न उपनिर्वाचनलगायत समसामयिक राजनीतिक विषयमा छलफल हुने पार्टीका सहमहामन्त्री कविन्द्र बुर्लाकोटीले जानकारी दिनुभयो ।

"हामी आगामी मङ्सिर १६ मा हुने स्थानीय तहको निर्वाचनमा सहभागी हुँदैछौं । उपनिर्वाचनको तयारी तथा समग्र राष्ट्रिय राजनीतिक मुद्दाका विषयमा मिहिन ढङ्गबाट छलफल गर्छौं ।"सह-महामन्त्री बुर्लाकोटीले भन्नुभयो,"बैठकमा पार्टीको राजनीतिक, साङ्गठनिकलगायत समसामयिक विषयमा छलफल हुनेछ ।" रासस

# पाक पुस्तक 'द मिस्टिक किचेन्स अफ नेपाल' सार्वजनिक

काठमाण्डु । प्रसिद्ध पाकविज्ञ तथा प्रशिक्षक शेफ विक्रम वैद्यद्वारा लिखित पाक पुस्तक (कुकबुक) द मिस्टिक किचेन्स अफ नेपाल सार्वजनिक गरिएको छ ।

आज यहाँ आयोजित एक कार्यक्रमबीच उक्त पुस्तकको विमोचन गर्नुहुँदै स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले बृहत् पुस्तकमार्फत नेपाली खाना संस्कृति र परिकारलाई अन्तर्राष्ट्रिय जगत्मा प्रवर्द्धन गर्न योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले खाना जीवन धान्नका लागि मात्र नभई जनताको स्वास्थ्य, संस्कृति र परम्परासँग घनिष्ट रूपमा जोडिएको उल्लेख गर्नुहुँदै समृद्ध नेपाली खाद्य संस्कृतिको संरक्षणका लागि पुस्तक निकै महत्वपूर्ण हुने धारणा राख्नुभयो । "पुस्तकले देशमा आवश्यक दक्ष जनशक्ति उत्पादन गर्न र शेफ पेसालाई मर्यादित बनाउनका लागि पनि महत्वपूर्ण भूमिका निभाउन सक्छ । यसका लागि लेख शाक्यको प्रशंसाको पात्र हुनुहुन्छ", मन्त्री पौडेलले भन्नुभयो ।

नेपाल पर्यटन बोर्डका उपाध्यक्ष रामप्रसाद सापकोटाले पाक संस्कृति पर्यटनको महत्वपूर्ण आयम भएकाले यस पुस्तकले नेपालको पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेल्न सक्ने बताउनुभयो ।

पुस्तकका लेखक वैद्यले आफूले २० वर्षभन्दा लामो समयदेखि यस क्षेत्रमा गरेको गहन अध्ययन, अनुसन्धान र अभ्यासको परिणाम यो पुस्तक भएको बताउनुभयो । रासस

# 'वैदिक ज्ञान विश्वभर फैल्याउन नेपालले नेतृत्व गर्न सक्छ'



काठमाण्डु । वैदिक दर्शनको ज्ञान विश्वभर फैलाउन नेपालले नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्नेमा जोड दिइएको छ ।

नेपाल महर्षि वैदिक फाउण्डेशनले बिहीबारदेखि राजधानीमा आयोजना गरेको वैदिक विज्ञान र आधुनिक विज्ञान दोस्रो महासम्मेलनका वक्ताले यसमा जोड दिएका हुन् । कार्यक्रममा स्वामी ज्ञानानन्द सरस्वतीले नेपाल योग, ध्यान र शान्तिको गुरु देश बन्नसक्ने भएकाले त्यसअनुरुप काम गर्नुपर्नेमा जोड दिनुभयो । यसका लागि नेपाललाई वैदिक राष्ट्र बनाउनुपर्नेमा उहाँको पनि जोड थियो ।

फाउण्डेशनका अध्यक्ष दीपकप्रकाश बास्कोटाले कृषि, आवास आदि क्षेत्र सपार्नका लागि वैदिक ज्ञानले भनेअनुसारका कर्म गर्नुपर्नेमा उहाँको जोड थियो । शुक्रबार वैदिक कृषि र शनिबार वैदिक वास्तुका बारेमा महासम्मेलनमा छलफल गराइने उहाँले बताउनुभयो । कार्यक्रममा आचार्य राजन शर्मा (भीमसेन सापकोटा), आर्युवेदका चिकित्सक डा सरिता श्रेष्ठलगायतले नेपाललाई विश्वका देशको गुरु देश बनाउन सकिने भएकाले त्यसतर्फको यात्रामा सबैको सहयोग आवश्यक पर्नेमा जोड दिनुभयो ।

महासम्मेलनको आज कार्यक्रममा वैदिक कृषि र शनिबार वास्तुशास्त्रका बारेमा छलफल गर्ने कार्यक्रम रहेको जनाइएको छ । राजधानीको भृकुटीमण्डपमा विश्व कल्याणका लागि अतिरुद्र महायज्ञ बिहीबारदेखि सुरु भएको छ। फाउण्डेसनको आयोजनामा भएको कार्यक्रममा वैदिक विज्ञान र आधुनिक विज्ञानका बारेमा प्रस्तुतिसहितका कार्यक्रमका बारेमा छलफल भएको उहाँले बताउनुभयो । रासस

# चीनले रुग्ण उद्योगका लागि थप सहयोग स्वीकृत गर्ने

एएफपी

अमेरिकाका नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पसँग व्यापार तनाव बढ्न सक्ने सम्भावनालाई ध्यानमा राखेर अधिकारीहरूले महत्वपूर्ण बैठक टुङ्ग्याउँदा चीनले शुक्रबार आर्थिक रूपमा रूग्ण उद्योग, वित्तीय संस्था तथा फर्मका लागि ठूलो समर्थन प्याकेज सार्वजनिक गर्ने अपेक्षा गरिएको छ।

अर्थशास्त्रीहरूले बेइजिङले सयौं अर्ब डलरको सहयोग स्वीकृत गर्ने अनुमान गरेका छन्, जसमा ऋणग्रस्त स्थानीय सरकारका साथै बैङ्कहरूका लागि नगदमा ध्यान केन्द्रित गरिएको छ।

यसै साता बेइजिङमा चिनियाँ कानुन बनाउने सर्वोच्च निकायको बैठकका लागि भेला भएका नीति निर्माताहरूले अमेरिकी मतदानमाथि नजर राखेका थिए।

ट्रम्पले आफ्नो चुनावी अभियानका क्रममा चिनियाँ सामानमा कर वृद्धि गर्ने वाचा गर्नुभएको र राष्ट्रपतीय निर्वाचनमा उहाँको विजय भएको सन्दर्भमा विश्वको दोस्रो ठूलो अर्थतन्त्र भनिने चीन अमेरिकासँगको कारोबारमा थप सङ्कट आउनसक्ने आँकलनहरू गरिएका छन् । चीनमा लामो समयदेखि घरजग्गा तथा आवासीय कारोबारमा सङ्कट देखिनुका साथै र दैनिक उपभोगसम्बन्धी सामानको कारोबारमा सुस्तता आएको छ ।

पर्यवेक्षकहरूका अनुसार बेइजिङले अर्थव्यवस्थाका लागि लामो समयदेखि प्रतिक्षा गरिएको 'बाजुका स्टिमुलस' को साथ यो सङ्कटलाई कम गर्न प्रयास गर्न सक्छ । यद्यपि, सावधानीको विवरण आउन अझै समय लाग्न सक्छ। आईएनजीमा ग्रेटर चाइनाका



प्रमुख अर्थशास्त्री लिन सोङले भन्नुभयो, "नीति निर्माताहरूलाई ट्रम्पको सम्भावित जीतलाई सम्बोधन गर्ने मौका दिनका लागि अक्टोबरको अन्त्यमा तय गरिएको बैठक पछि सारिएको थियो।"

"हाम्रो विचारमा ट्रम्पको जितसँगै नीतिगत समर्थन प्याकेजको सम्भावना केही हदसम्म बढ्नेछ," उनले भने।

युनाइटेड ओभरसिज बैङ्क (युओबी) का हियान वेल्थ म्यानेजमेन्टका प्रमुख सूचना अधिकारी क्वी वाङले भन्नुभयो, "ट्रम्पको जीत चीनका लागि नराम्रो होइन किनभने यसले बेइजिङलाई ठूलो प्रोत्साहनका लागि 'दबाब' दिन सक्छ।

सरकारी सञ्चारमाध्यमले यसै हप्ता अधिकारीहरूले स्थानीय सरकारको ऋणको सीमा बढाउने विधेयकको पुनरावलोकन गरेको जनाएका थिए।

गत महिना घोषणा गरिएको यो कदमले अधिकारीहरूलाई विकासको लागि घरजग्गा बजारलाई लामो समयको मन्दीबाट बाहिर निकाल्ने उद्देश्यल अप्रयुक्त भूमिको अधिग्रहणको लागि थप उधारो लिन अनुमति दिनेछ। बेइजिङले सेप्टेम्बरमा आर्थिक गतिविधिलाई बढावा दिने उद्देश्यले ब्याजदर कटौती र केही घर खरीद प्रतिबन्धहरूलाई खुकुलो पार्न धेरै उपायहरूको थालनी गरेको जनाएको थियो तर विश्लेषकहरूले अहिलेसम्म विस्तृत विवरणको अभावमा भएको बताएका छन्।

"ट्रम्पको पुनः निर्वाचनले अझ बढी तात्कालिकताको आवश्यकता प्रदान गर्दछ", विशेषज्ञहरू भन्छन्, "यद्यपि अधिकारीहरूले थप सरकारी ऋणको थुप्रोबाट बच्ने प्रयास गर्दा अझै सावधानी कायम हुन सक्छ।"

नाटिक्सिसका वरिष्ठ अर्थशास्त्री ग्यारी एनजीले भन्नुभयो, "कुनै पनि सम्भावित प्रोत्साहन रकमको आकार ठूलो हुन सक्छ, तर दबाब पनि त्यस्तै छ।"

उहाँले भन्नुभयो, "बजारले चाहेको आर्थिक वृद्धि अझै पनि प्राप्त गर्न सक्दैन।"

चीनका प्रधानमन्त्री ली कियाङले चीनले सन् २०२४ का लागि पाँच प्रतिशतको हाराहारीमा आर्थिक वृद्धिको लक्ष्य हासिल गर्नेमा आफू 'पूर्ण विश्वस्त' रहेको बताउनुभएको छ ।

बिहीबार सार्वजनिक सरकारी तथ्याङ्कले देशको निर्यात गत महिना दुई वर्ष भन्दा बढीको सबैभन्दा तीव्र गतिमा बढेको देखाएको छ।

यद्यपि, 'पिनपोइन्ट एसेट म्यानेजमेन्ट'का अध्यक्ष तथा प्रमुख अर्थशास्त्री झिवेई झाङले भन्नुभयो, "हामी चीनको अर्थतन्त्रलाई थेग्न निर्यातमा मात्रै निर्भर गर्न सक्दैनौं । उहाँले भन्नुभयो, "आर्थिक वृद्धिको आधारस्तम्भको रूपमा वित्तीय नीति अर्को वर्ष अझ सक्रिय हुनेछ भन्ने मेरो विश्वास छ।"

# एमबाप्पे फ्रान्सको टोली बाहिर



एजेन्सी । फ्रान्सका स्टार स्ट्राईकर केलियन एमबाप्पे फेरि फ्रान्सको टोलीबाट बाहिरिएका छन् ।

बिहीबार प्रशिक्षक डिडिएर डेसच्याम्प्सले नेसन्स लिगमा इजरायल र इटालीविरुद्धको खेलका लागि खेलाडीको सूची सार्वजनिक गरेका थिए । तर, उक्त सुचीमा एमबाप्पे भने अटाएका छैनन् । यसअघि पनि एमबाप्पे चोटका कारण टोलीबाट बाहिर रहेका थिए ।

यस पटक भने एमबाप्पे घाइते नभएको उनी व्यक्तिगत कारण टिममा सहभागी हुन नचाहेको प्रशिक्षक डेसच्याम्प्सले बताए ।

यसै समरमा फ्रासेली क्लब पेरिस सेन्ट जर्मेन(पिएसजी)बाट स्पेनिस क्लब रियल मड्रिड प्रवेश गरेका एमबाप्पेको प्रदर्शन खास देखिएको छैन ।

फ्रान्सले नोभेम्बर १४ मा इजरायलसँग घरेलु मैदानमा खेल्नेछ । त्यसको तीन दिनपछि इटाली जानेछ । चार खेलपछि इटाली १० अंकका साथ समूह तालिकाको शीर्ष स्थानमा छ । फ्रान्स एक अंक कम सहित दोस्रो स्थानमा छ । बेल्जियम ४ अंकका साथ तेस्रो स्थानमा छ ।

# युरोपले रक्षा खर्च बढायो, सैनिकको अभाव : अध्ययन

एएफपी

रूसले युक्रेनमाथि आक्रमण गरेपछि युरोपले रक्षा खर्च बढाएको छ तर सैन्य जनशक्तिलगायत उसको प्रतिरक्षा क्षमता अझै अपुग रहेको बेलायती सुरक्षा थिङ्क ट्याङ्कले शुक्रबार बताएको छ।

डोनाल्ड ट्रम्प ह्वाइट हाउसमा फर्केपछि उहाँले युरोपेली सुरक्षा नीतिमा अमेरिकी अडानलाई परिवर्तन गर्न सक्ने र युद्धग्रस्त युक्रेनलाई सहयोग गर्न नसक्ने आशङ्का बढेको बेला इन्टर नेसनल इन्स्टिच्युट फर सेक्युरिटी स्टडिज (आईआईएसएस) ले यस्तो निष्कर्ष निकालेको हो ।

आईआईएसएसले प्राग सुरक्षा सम्मेलनको आयोजना गर्दै गर्दा आफ्नो पछिल्लो रिपोर्ट प्रकाशित गरेको छ, जसमा राजनीतिज्ञहरू, सेनाका अधिकारीहरू र अन्य विशेषज्ञहरूलाई युरोपको रक्षा मुद्रा बढाउने उपायहरूबारे छलफल गर्न भेला गरिएको छ।

सन् २०२२ को फेब्रुअरीमा रूसले युक्रेनमाथि गरेको आक्रमणले युरोपको आफ्नो प्रतिरक्षा गर्ने क्षमतामा थुप्रै कमजोरी उजागर गरेको आईआईएसएसको अध्ययनले देखाएको छ ।

"सन् २०२४ मा नेटोका युरोपेली सदस्यराष्ट्रहरूको रक्षा खर्च रूसले क्रिमियालाई आफ्नो नियन्त्रणमा लिएको सन् २०१४ को तुलनामा करिब ५० प्रतिशत बढी हो," विज्ञप्तिमा भनिएको



छ।

"युरोपेली सशस्त्र बलहरू 'सबै सैन्य गतिविधिहरूमा फरक-फरक अवस्थामा संयुक्त राज्य अमेरिकामाथि निर्भर छन्," रिपोर्टमा भनिएको छ ।

अध्ययनमा भनिएको छ, "शीतयुद्धको अन्त्य पछि र त्यसपछिका दशकहरूमा राजनीतिक निर्णयहरूको परिणामस्वरूप युरोपको शस्त्रागार गम्भीर रूपमा ह्रास भएको थियो। यस क्रममा युरोपमा रक्षा उद्योगपनि सङ्कुचित भएको थियो।"

तर, सन् २०२२ देखि युक्रेनको आवश्यकतालाई सम्बोधन गर्दै हतियार निर्माता कम्पनीहरूले प्रतिक्रिया जनाएपछि हवाई प्रतिरक्षा र तोपखानालगायत केही क्षेत्रमा उत्पादनमा उल्लेख्य वृद्धि भएको छ।

"उदाहरणका लागि, रेनमेटलको विश्वव्यापी वार्षिक १५५ एमएम गोलाबारुद उत्पादन दर दश गुणा बढेर सात लाख पुगेको छ," जर्मनीको विशाल हतियार उत्पादक कम्पनीलाई सङ्केत गर्दै अध्ययनमा भनिएको छ।

हालैका वर्षहरूमा, युरोपेली देशहरूले पनि स्थानीय उत्पादकहरूबाट अधिक हतियारहरू खरीद गरिरहेका छन् किनकि महाद्वीपका नेटो सदस्यहरूले फेब्रुअरी २०२२ देखि युरोपेली प्रणालीमा उनीहरूको आधाभन्दा बढी खर्च गरेका छन्, जबकि ३४ प्रतिशत अमेरिकी प्रणालीमा खर्च गरिएको छ।

हतियार र गोलाबारुदको उत्पादन बढिरहेको बेला युरोपेली मुलुकहरूलेसैन्य कर्मीको अभाव झेलिरहेका आइआइएसएसले जनाएको छ ।

आइआइएसएसले भनेको छ, "प्रमुख युरोपेली सशस्त्र बलहरू कमजोर छन् । धेरैले सेनाको अभाव गरिरहेका छन् । उनीहरूले युवा पुस्तालाई स्वयंसेवकका लागि पर्याप्त प्रोत्साहन पनि दिइरहेका छैनन्।"

# ह्वाइट हाउसको 'चिफ अफ स्टाफ' मा विल्सको चयनसँगै ट्रम्पको पहिलो नियुक्ति

एएफपी

अमेरिकाका नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पले राष्ट्रपतिमा निर्णायक विजय हासिल गरेपछि बिहीबार मन्त्रिमण्डलका पहिलो सदस्यको नियुक्तिको घोषणा गर्नुभएको छ ।

उहाँले रूसी नेता भ्लादिमिर पुटिनसँग कुरा गरेर निवर्तमान प्रशासनको नीतिलाई तोड्ने आफ्नो मनसाय रहेको सङ्केत गर्नुभएको छ ।

अमेरिकी राष्ट्रपति निर्वाचित ट्रम्पले आफ्नो चुनावी अभियानका व्यवस्थापक सुसी विल्सलाई ह्वाइट हाउसको 'चिफ अफ स्टाफ'को रूपमा काम गर्नेगरी जिम्मेवारी तोक्नुभएको छ । ट्रम्पले पहिलो नियुक्तिमा उच्च ओहोदाको जिम्मेवारीमा महिला सहयोगी छान्दै आफूलाई महिलामैत्री प्रमाणित गर्नु खोज्नुभएको छ ।

डेमोक्र्याटिक नेता तथा अमेरिकी वर्तमान उपराष्ट्रपति कमला ह्यारिसलाई पराजित गर्ने ट्रम्पको विजयले चुनावको दुई दिनमा नै र ह्वाइट हाउस फर्कनुभन्दा साढे दुई महिना अघि नै अमेरिकी र विश्व राजनीतिमा तरङ्ग पैदा गरेको छ ।

रूसी राष्ट्रपति पुटिनले गत जुलाईमा एक र्‍यालीमा हत्याको प्रयासपछि ट्रम्पले आफूलाई सम्हाल्ने तरिकाका लागि 'साहसी' भएको भन्दै प्रशंसा गर्नुभएको थियो ।

अरबपति ट्रम्पले पछि एनबीसी न्यूजसँग भन्नुभएको थियो, "मैले मलाई वर्षौंदेखि बारम्बार प्रशंसा गर्दै आएका पुटिनसँग ऐलेसम्म कुरा गरेका छैन । "मलाई लाग्छ हामी कुरा गर्नेछौं।"

सन् २०२२ मा रूसले युक्रेनमाथि आक्रमण गरेयता बाइडेन र पुटिनबीच कायम रहेको चीसो सम्बन्धबाट यो भूकम्पीय परिवर्तन हो र ट्रम्पले बिएभलाई अमेरिकी समर्थनको आलोचना गरेको छ ।

युक्रेनका नवनिर्वाचित राष्ट्रपति ट्रम्पले यसअघि उक्त द्वन्द्वमा शान्ति सम्झौता गर्ने बताएका थिए तर युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले बुधबार ट्रम्पसँग कुरा गर्दै युद्धविरामको आह्वान 'खतरनाक' भएको बताएका थिए ।



चिनियाँ राष्ट्रपति सी चिनफिङ यसअघि ट्रम्पलाई बधाई दिने विदेशी नेताहरूको सूचीमा सामेल भइसक्नुभएको छ ।

ह्यारिसले चुनाव अभियानका क्रममा तानाशाहसँग धेरै मित्रवत व्यवहार गरेको भन्दै आलोचना गर्नुभएको थियो ।

ट्रम्पले कागजातविहीन आप्रवासीलाई सामूहिक रूपमा देश निकाला गर्ने आफ्नो योजनालाई दोब्बर बनाउँदै यसको 'कुनै विकल्प नभएको' र 'कुनै मूल्य ट्याग' हुन नसक्ने एनबीसीसँग बताउनुभएको छ ।

ट्रम्पले फ्लोरिडास्थित आफ्नो रिसोर्टमा आफ्नो ट्रान्जिसन टिममा काम गर्न थालेपछि बाइडेनले शान्तिपूर्ण र 'व्यवस्थित' तरिकाले सत्ता हस्तान्तरण गर्ने प्रतिबद्धता जनाउनुभएको थियो ।

सन् २०२० को चुनावमा ट्रम्पले आफ्नो पराजय स्वीकार्न इन्कार गरेको भएपनि यसको विपरीत ८१ वर्षीय अमेरिकी राष्ट्रपति बाइडेनले अमेरिकीहरूलाई 'तापक्रम घटाउन' आग्रह गर्नुभएको थियो ।

डेमोक्र्याट नेताले ट्रम्पलाई ह्वाइट हाउसमा वार्ताका लागि निमन्त्रणा गर्नुभएको छ । तर बाइडेनका प्रवक्ताले भने ट्रम्पको टोलीले कानुनी सङ्क्रमण प्रक्रिया सुरु गर्न अनुमति दिने महत्वपूर्ण दस्तावेजमा हस्ताक्षर नगरेको बताउनुभएको छ ।

ह्वाइट हाउसको रोज गार्डेनबाट सम्बोधन गर्दै बाइडेनले डेमोक्र्याटहरूलाई आशा नगुमाउन आग्रह गर्दै एकताका लागि आह्वान गर्दै भन्नुभयो, "नबिर्सनुहोस्, हारको अर्थ हामी पराजित हुनु होइन ।"

यद्यपि बाइडेनले आफ्नो उमेरको बावजुद दोस्रो कार्यकालका लागि चुनाव लड्ने प्रारम्भिक निर्णय, जुलाईमा अन्तिम समयमा पद छोड्नुअघि र उपराष्ट्रपति ह्यारिसलाई बागडोर सुम्पिनुभन्दा पहिले नै पार्टीमा औंला उठिसकेको छ।

ह्वाइट हाउसले बाइडेनलाई कुनै पछुतो नभएको बताएको छ । प्रेस सचिव करिन जीन पियरेले भन्नुभयो, "उहाँले त्यो समयमा यो सही निर्णय हो भन्ने विश्वास गर्नुभएको थियो । "

धाँधली, दुई महाभियोग र ७८ वर्षको उमेरमा सबैभन्दा बढी उमेरका निर्वाचित राष्ट्रपति भएको तथ्यका बाबजुद ट्रम्पको निर्वाचनले बाइडेनको कार्यकालबाट परिवर्तनको लागि मतदाताहरूको चाहनालाई प्रतिबिम्बित गर्दछ।

अर्थतन्त्र र आप्रबासी समस्यालाई लिएर व्यक्त भएका मतदाताको चिन्ताले ट्रम्पको जितलाई प्रेरित गरेको छ ।

ट्रम्पको पहिलो क्याबिनेट चयन वाइल्सलाई उहाँको टोलीमा व्यापक समर्थन प्राप्त छ र बुधबार बिहान उहाँको विजय भाषणको क्रममा विशेष गरी स्टेजमा बोलाइएको थियो।

ट्रम्पले फ्लोरिडाका ६७ वर्षीय स्टिलीवासी सुसीबारे भन्नुभयो, "सुसी कडा, स्मार्ट, नयाँ हुनुहुन्छ, विश्वव्यापी रूपमा उहाँलाई प्रशंसा र सम्मान छ। सुसीले अमेरिकालाई फेरि महान बनाउन अथक प्रयास जारी राख्नुहुनेछ ।"

ट्रम्प २.० प्रशासनमा स्थानका लागि अन्य अग्रगामीहरूले यसले लिने विघटनकारी आकारलाई प्रतिबिम्बित गर्दछ।

ट्रम्पले स्वास्थ्य सेवामा 'ठूलो भूमिका' निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ र खोप विरोधी आन्दोलनका एक प्रमुख व्यक्ति रोबर्ट एफ केनेडी जुनियरले बुधबार एनबीसी न्यूजसँग भन्नुभयो, "म कसैको खोप लगाउने अधिकार खोस्ने छैन।"


तर पूर्व स्वतन्त्र उम्मेदवारले ट्रम्प प्रशासनले सार्वजनिक पानीको आपूर्तिमा फ्लोराइडको मात्रा नियन्त्रणका लागि सिफारिस गर्ने दोहोर्‍याउनुभयो ।

दक्षिणपन्थी स्पेसएक्स, टेस्ला र एक्सका प्रमुखले उत्साहपूर्वक ट्रम्पलाई समर्थन गरेपछि विश्वका सबैभन्दा धनी व्यक्ति एलन मस्क पनि सरकारी फोहोरको लेखापरीक्षण गर्ने काममा सहमत हुनसक्ने बताइएको छ । ट्रम्पले बाइडेनद्वारा हस्ताक्षरित धेरै नीतिहरूलाई उल्ट्याउने अपेक्षा गरिएको छ ।

# खामेनीका सहयोगीद्वारा इजरायलको आक्रमणप्रति इरानलाई तुरुन्त प्रतिक्रिया नदिन चेतावनी

एएफपी

इरानका सर्वोच्च नेता अयातुल्ला अली खामेनीका सल्लाहकारले गत महिना भएको इजरायली हवाई आक्रमणको प्रतिक्रिया तुरुन्त सुरु नगर्ने



बताउनुभएको छ।

इरानको कट्टर शत्रु मानिने इजरायल गाजा पट्टीमा इरान समर्थित हमास र लेबनानको हिजबुल्लाहसँग द्वन्द्वमा संलग्न छ।

गत महिनाको सुरुमा इजरायलमा भएको ठूलो इरानी क्षेप्यास्त्र आक्रमणको बदलामा इजरायली लडाकु विमानहरूले अक्टोबर २६ मा इरानका सैन्य स्थलहरूमा आक्रमण गरेका थिए।

सल्लाहकार अली लारिजनीले बिहीबार इजरायलले इरानमा द्वन्द्व ल्याउने लक्ष्य राखेको भन्दै यसको जालबाट बच्न बुद्धिमानीपूर्वक कार्य गर्नुपर्ने र सहजै प्रतिक्रिया देखाउनु नहुने उल्लेख गर्नुभएको छ।

तेहरानमा बेरुत र हमासका नेता इस्माइल हानियाहमाथि आक्रमण गर्दा हिजबुल्लाहका नेता हसन नसरल्लाहको हत्याको जवाफमा अक्टोबर १ मा इजरायलमा २०० वटा क्षेप्यास्त्र प्रहार गरेको इरानले जनाएको छ।

इजरायलले बदलामा आक्रमण गरेपछि इरानलाई कुनै पनि प्रतिआक्रमणविरुद्ध चेतावनी दिइएको थियो भने इरानले उचित समयमा जवाफ दिने बताएको थियो।

लारिजानीले आफ्ना कार्यहरू रणनीतिक भएकाले सहज र भावनात्मक प्रतिक्रियाहरूबाट बच्नुपर्छ र पूर्ण रूपमा तर्कसङ्गत रहनुपर्ने बताउनुभएको छ।

# इजरायली सैनिक शिविरमा २४ घण्टामा दोस्रो पटक आक्रमण गरेको हिजबुल्लाहको दावी

एएफपी

हिजबुल्लाहले इजरायली सहर हाइफा नजिकैको नौसैनिक अड्डालाई लक्षित गरी २४ घण्टाभन्दा कम समयमा दोस्रो पटक आक्रमण गरेको दावी गरेको छ।

इरान समर्थित उक्त लेबनानी समूहले इजरायलले गरेको आक्रमण र नरसंहारको जवाफमा हाइफाको उत्तरपश्चिममा रहेको 'स्टेला मारिस' नौसेना अड्डालाई लक्षित गरी छोटो समयमा दुई आक्रमण गरेको जनाएको छ।

बयानमा, हिजबुल्लाहले हाइफाको दक्षिणपूर्वमा रहेको रामत डेभिड एयरबेसलाई पनि मिसाइलले निशाना बनाएको दाबी गरेको छ।

इजरायल लेबनानको हिजबुल्लाहसँग सेप्टेम्बरको अन्त्यदेखि कडा युद्धमा उत्रिदै गाजा पट्टीमा हमाससँगको लडँइमा उत्तरी सीमा सुरक्षित गर्नमा तल्लिन छ । इजरायलले उक्त क्षेत्रमा हवाई आक्रमणलाई बढाउँदै देशको दक्षिणमा सेना तैनाथ गरेको छ ।

गाजामा इजरायलसँग लडिरहेका हमास प्यालेस्टिनी लडाकुहरूको समर्थनमा काम गरिरहेका हिजबुल्लाहसँगको सीमापार द्वन्द्व सुरु भएको एक वर्षपछि इजरायलले आफ्नो उत्तरी क्षेत्रलाई सुरक्षा दिन थालेको हो ।

लेबनानको स्वास्थ्य मन्त्रालयका अनुसार सेप्टेम्बर २३ देखि लेबनानमा भएको युद्धमा दुई हजार ६०० भन्दा बढीको मृत्यु भइसकेको छ ।

# इजरायली फुटबल समर्थकको उद्धारका लागि विमान पठाइयो

एएफपी

एम्स्टर्डममा भएको झडपमा इजरायली फुटबल समर्थक घाइते भएपछि प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले शुक्रबार दुईवटा उद्धार विमान नेदरल्याण्ड्स पठाउने निर्देशन दिनुभएको छ ।

प्रधानमन्त्री नेतन्याहुको कार्यालयले 'इजरायली नागरिकविरुद्ध भएको हिंसात्मक घटना' को कारणबारे केही बताएको छैन, तर डच सञ्चारमाध्यम एटी-फाइभले बिहीबार राति युरोपा लिगको एक खेलमा समर्थकहरूबीच झडप भएको रिपोर्ट गरेको छ । बिहीबारको खेलमा इजरायली फुटबल टोली म्याकाबी तेल-अभिभले अजाक्स एम्स्टर्डमको सामना गरेको थियो।



रिपोर्ट अनुसार शहरको मध्यभागमा थुप्रै व्यक्तिबीच झगडापछि भौतिक आक्रमण र तोडफोडका घटनासमेत भएका छन् ।

"प्रधानमन्त्री नेतन्याहूले यस भयानक घटनालाई अत्यन्त गम्भीरताका साथ लिनुभएको छ र डच सरकार र सुरक्षा बलहरूले दङ्गाकारीहरूविरुद्ध कडा र छिटो कदम चाल्न र इजरायली नागरिकहरूको सुरक्षा सुनिश्चित गर्न माग गर्नुभयो," नेतन्याहूको कार्यालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ।

"घटनास्थलमा ठूलो सङ्ख्यामा सुरक्षा गाडीहरू उपस्थित भइसकेका छन् भने सम्भावित थप झडपलाई मध्यनजर गर्दै थप सुरक्षाकर्मीलाई बोलाइएको छ,' विज्ञप्तिमा भनिएको छ।

# बेतका फर्निचरबाट मासिक ५० हजार आम्दानी

धरान । इटहरी उपमहानगरपालिका-७ का ६२ वर्षीय राजकुमार श्रेष्ठले विगत २१ वर्षदेखि बेतका फर्निचर बनाएर जीवन गुजारा गरिरहनुभएको छ । परिश्रमी उहाँले भारतको सिलगुडीबाट बेत ल्याएर फर्निचर बनाउँदै आउनुभएको छ ।

उहाँले भन्नुभयो, "बेतका सामान बनाउने र बिक्री गर्दै आएको २२ वर्ष भयो । फर्निचर महँगो भए पनि यसको बजार छ । इटहरी, तरहरा र मोरङको पथरीसम्म बिक्री गर्दै आएको छु, ती स्थानमा मात्र बिक्री गर्दा खर्च कटाएर मासिक रु ५० हजारसम्म बचाउन सकिन्छ ।"

बेतबाट बनेका डोका, डाला, नाङ्लो मुढा, कोक्रोलगायत फर्निचरमा ग्राहकको आकर्षण बढिरहेको छ । उहाँले भन्नुभयो, "बेतको फर्निचर आकर्षक र टिकाउ भएकाले ग्राहकको रोजाइमा आफ्ना उत्पादन परेका छन् ।" उहाँले सजावटका सामान पनि बनाउन थाल्नुभएको छ । ती सामानको उच्च माग रहेकाले आफू त्यसमा नै बढी व्यस्त हुने गरेको बताउनुभयो । हाल उहाँको



पसलमा १२ प्रकारका बेतका सामान बिक्रीमा छन् ।

बेतबाट बनेका सजावटका सामान रु सात सयदेखि रु १६ हजार सम्ममा बिक्री हुने गरेका छन् । सिलगुडीबाट एक बण्डल बेतलाई रु तीन हजार पाँच सय पर्ने गरेका छन् । एक बण्डल बेतबाट पाँचवटासम्म सामान बनाउन सकिने भएकाले आफूलाई घाटा नभएको उहाँले बताउनुभयो ।

राजकुमारजस्तै धरान-९ का पर्शु तामाङले पनि बेतका सामग्री बेचेर मनग्ये आम्दानी गर्नुभएको छ । एघार वर्षदेखि बेतका फर्निचर बनाउँदै आउनुभएका उहाँले मासिक रु ८० हजारसम्म आम्दानी हुने गरेको बताउनुभयो । उहाँले कोक्रो, सोफा, डाइनिङ टेबल, कुर्सी, मुढा, ह्याङ्गर, धाकी, गमला यकिलगायत सामान बनाउने गर्नुभएको छ ।

उहाँले भन्नुभयो, "बेतको सामान बनाउन जोकोहीले सक्दैनन्, त्यसैले भारतीय कालीगढ राखेर काम गरिरहेको छु, बिक्रीको समस्या छैन । बेतको सामान १० देखि २५ वर्षसम्म प्रयोग गर्न सकिन्छ ।"

हातमा सीप भए रोजगारीका लागि विदेशिनु नपर्ने तथा स्वदेशमै व्यवसाय गर्न उहाँ युवापुस्तालाई प्रेरित गर्नुपर्नेमा जोड दिनुहुन्छ । रासस


# 'डब्लुटीएम'मा नेपालद्वारा विश्व पर्यटन उद्योगकको ध्यानाकर्षण

**यही कात्तिक २० देखि २२ गतेसम्म आयोजना भएको वर्ल्ड ट्राभल मार्केटमा नेपालले साहसिक यात्रा, सांस्कृतिक विविधता र दिगो पर्यटनका लागि अग्रणी गन्तव्यका रुपमा आफ्नो उपस्थिति जनाउँदै नेपालको पर्यटन प्रवर्द्धनका लागि समन्वय गर्न विश्वपर्यटन उद्योगको ध्यानाकर्षण गरेको हो ।**

काठमाण्डु । विश्व प्रख्यात पर्यटन मेला 'वर्ल्ड ट्राभल मार्केट-२०२४' (डब्लुटीएम) मा नेपालले सहभागिता जनाउँदै विश्व पर्यटन उद्योगको ध्यानाकर्षण गरेको छ । नेपाल पर्यटन बोर्डको नेतृत्वमा नेपालले लन्डनमा आयोजित डब्लुटीएममा सहभागिता जनाएको हो ।

यही कात्तिक २० देखि २२ गतेसम्म आयोजना भएको वर्ल्ड ट्राभल मार्केटमा नेपालले साहसिक यात्रा, सांस्कृतिक विविधता र दिगो पर्यटनका लागि अग्रणी गन्तव्यका रूपमा आफ्नो उपस्थिति जनाउँदै नेपालको पर्यटन प्रवर्द्धनका लागि समन्वय गर्न विश्वपर्यटन उद्योगको ध्यानाकर्षण गरेको हो ।

बोर्डले आफ्नो ४० वर्षको सहभागिता वर्षको उत्सव मनाउँदै विश्व पर्यटन क्षेत्रमा लामो समयदेखिको योगदानलाई निरन्तरता दिएको हो । एक सय ८४ देशहरूबाट ४३ हजार सहभागी रहेको डब्लुटीएममा तीन हजार आठ सय ७५ प्रदर्शकहरू सहभागी थिए । मेलामा ८२ वटा सम्मेलन सत्र




आयोजना गरिएको थियो ।

हालै लोन्ली प्लानेटद्वारा सन् २०२४ का लागि बेस्ट इन ट्राभल गन्तव्यका रूपमा घोषित भएपछि यस वर्ष डब्लुटीएममा नेपालको उपस्थिति थप महत्वपूर्ण बनेको बोर्डले जनाएको छ । यसले विश्वभरका यात्रुहरू र पर्यटन व्यवसायीसामु नेपालको सम्पदालाई प्रस्तुत गर्ने महत्वपूर्ण अवसर प्रदान गरेको बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले बताउनुभयो ।

वर्ल्ड ट्राभल मार्केटमा नेपालको सहभागिताले नेपाललाई उच्च सम्भावनायुक्त बजारसँग प्रत्यक्ष संलग्न हुन सघाउने र यसले नेपाललाई शीर्ष अन्तर्राष्ट्रिय गन्तव्यहरूको साथ उभ्याउने उहाँले उल्लेख गर्नुभयो । उहाँले नेपालको यो सहभागिताले नयाँ व्यावसायिक अवसर विकास गर्दै हाम्रो समृद्ध संस्कृति, अनुपम प्राकृतिक दृश्य र पर्यावरणमैत्री पर्यटनमा रुचि राख्ने वातावरणीय सजग यात्रुहरूसँग सम्बन्ध स्थापित गर्ने अवसर प्रदान गर्ने बताउनुभयो ।

"लोन्ली प्लानेटले नेपाललाई बेस्ट इन ट्राभल गन्तव्यका रूपमा सम्मानित गरेको छ । लोन्ली प्लानेटको यो मान्यताले नेपालको पर्यटन सेवाहरूलाई थप विश्वसनीयता प्रदान गरेको छ । यो सहभागिताले मुलुकका अनुपम परिदृश्यहरू प्रख्यात हिमालदेखि प्राचीन सांस्कृतिक स्थललाई समेटेको छ", जोशीले भन्नुभयो ।

नेपाल विश्वका लागि आकर्षक पर्यटकीय गन्तव्यका रूपमा रहेको सन्दर्भमा नेपाललाई साहसिक यात्रा, अध्यात्म र सम्पदाको संयोजनको गन्तव्यका रूपमा थप परिचित र बलियो बनाउने कार्यमा यो मेलाले महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा लिइएको उहाँले बताउनुभयो । नेपालबाट डब्लुटीएमा विभिन्न क्षेत्रका पर्यटन व्यवसायी, ट्राभल कम्पनी, होटल, रिसोर्टका प्रतिनिधिहरूको सहभागिता थियो । रासस

# धनगढीको इन्धन डिपोबाट स्थानीय अहोरात्र त्रसित, चाँडो स्थानान्तरणको माग

धनगढी । धनगढी उपमहानगरपालिका-३ चटकपुर निवासी धर्मसिंह-माधवी ऐर दम्पतीलाई हिजोआज निद्रा पर्दैन । घरै अगाडि रहेको नेपाल आयल निगमको इन्धन डिपोका कारण ऐर दम्पतीमात्र होइन, डिपो वरपरका मानिस निर्धक्क भएर सुत्न सकेका छैनन् । डिपोका कारण सधैँ त्रासमा रहनुपरेको उनीहरूको गुनासो छ ।

स्थानीय धर्मसिंह डिपो स्थानान्तरणका लागि पटकपटक आग्रह गरिए पनि कुनै सुनुवाइ नभएको दुखेसो गर्नुहुन्छ । पेट्रोलियम पदार्थ भण्डारण गरिएका ठुल्ठूला ट्याङ्क नजिकै भएको र डिपोबाट इन्धन 'लोडअनलोड' भइरहँदा घरमा आगो बाल्न पनि त्रसित हुनुपरेको चटकपुरका स्थानीयको गुनासो छ । "घरमा आगो बाल्न डराउनुपर्ने अवस्था छ", माधवीले भन्नुभयो, "डरले रातभर निद्रा पर्दैन, निगमले डिपो अन्यत्र सारेर स्थानीयलाई निर्धक्क जिउन दिनुपर्छ ।"

केही वर्ष पहिले जङ्गल रहेको डिपो आसपास अहिले बाक्लो बस्ती छ । डिपो अगाडि नै रहेको धनगढी-अत्तरिया सडकमा दैनिक हजारौँ सवारीसाधन गुड्छन् । नजिकै धनगढी नेत्रालय, सिपी अस्पतालसहित अन्य स्वास्थ्य संस्था, विद्यालय र व्यापारिक 'कम्प्लेक्स' सञ्चालनमा छन् ।

नगर क्षेत्रमा हुने सार्वजनिक सुनुवाइ कार्यक्रममा पनि आफूले




पटकपटक डिपोका कारण स्थानीयले निर्धक्क भएर बस्न नपाएको र बस्ती नभएको क्षेत्रमा डिपो सार्न पटकपटक आग्रह गरेको धर्मसिंह सम्झनुहुन्छ ।

चटकपुरकै स्थानीय भीम मल्ल घनावस्तीबीचको डिपोका कारण वरपरका बासिन्दा सधैँ चिन्तित रहेका सुनाउनुहुन्छ । "कतिबेलाआगलागी हुन्छ, सधैँ चिन्तित छौँ", उहाँ भन्नुहुन्छ, "आगलागीको त्रासका कारण स्थानीयले ढुक्कका साथ जीवनयापन गर्न सकेका छैनन् ।"

केही वर्षअघि डिपो नजिकै रहेको एक फर्निचरमा आगलागी हुँदा कतिपय स्थानीय घरै छाडेर हिँडेका चटकपुरवासीको सम्झनामा ताजै छ । धनगढी उपमहानगरपालिकाका प्रमुख गोपी हमाल मुख्य बजारको बीचमा रहेको डिपोका कारण सुरक्षा चुनौती थपेको बताउनुहुन्छ ।

"डिपो नजिकै अस्पताल र विद्यालय सञ्चालनमा छन्, कसैगरी 'डिजास्टर' भयोभने आसपास मात्र नभई सिङ्गो नगर नै प्रभावित हुनसक्छ", प्रमुख हमालले रासससँग भन्नुभयो, "लाखौँ लिटर इन्धन भण्डारण गरिएको छ, दुर्घटनाको जोखिम छ, बस्ती नभएका क्षेत्रमा डिपो सार्नुपर्छ ।" डिपो सुरक्षित स्थानमा स्थानान्तरण गर्न निगमलाई पटकपटक आग्रह गरिएको बताउँदै उहाँले निगमका तर्फबाट पनि डिपो सार्ने प्रतिबद्धता प्राप्त भएको जानकारी दिनुभयो ।

**पुनर्वासमा डिपो सार्ने योजना, कार्यान्वयनमा ढिलाइ**

निगमले डिपो स्थानान्तरण गर्ने योजना तर्जुमा गरे पनि जग्गा प्राप्तिमा ढिलासुस्ती भएको छ । सरकारी स्वामित्वको राष्ट्रिय आवास कम्पनीले कञ्चनपुरको पुनर्वास नगरपालिका वडा नम्बर ३ र ५ मा रहेको २२ बिघा जग्गा निगमलाई बिक्री गर्ने प्रस्ताव गरे पनि त्यो कार्यान्वयन भएको छैन ।

निगमका उपनिर्देशक प्रदीप यादव पनि डिपो स्थानान्तरणको प्रयास भइरहेको बताउनुहुन्छ । "घना बस्तीका बीचमा डिपो छ, यसलाई स्थानान्तरण गर्नैपर्छ", उपनिर्देशक यादवले भन्नुभयो । सुरक्षा मापदण्डअनुसारका संरचना निर्माणका लागि अहिले डिपो भएको जग्गा अपुग छ । निगमले यसअघि समिति गठन गरी डिपो स्थानान्तरणका लागि जग्गा खोजेको थियो ।

धनगढीस्थित डिपोमा संरचना निर्माण गर्न जग्गा अपर्याप्त भएकाले दैनिक कार्य सञ्चालन प्रभावित भएको निगमका प्राविधिक जगदीशप्रसाद जैसी बताउनुहुन्छ । हाल डिपो रहेको जग्गा अपर्याप्त भएकाले भण्डारण क्षमता वृद्धि गर्न तथा ट्याङ्करमा 'लोडअनलोड' गर्न पनि समस्या भएको उहाँले बताउनुभयो ।

हरेक प्रदेशमा कम्तीमा ९० दिनको माग धान्न सक्ने पेट्रोलियम पदार्थ भण्डारणगृह निर्माण गर्ने सरकारको योजना छ ।

भण्डारण क्षमता बढाउन निगमलाई चटकपुरस्थित डिपो स्थानान्तरण गर्नुपर्ने बाध्यता छ । निगमको धनगढीस्थित डिपो कुल एक बिघा आठ कठ्ठामा फैलिएको छ । उक्त डिपोमा अहिले डिजेल भण्डारणका लागि सात सय ६० किलोलिटरका दुईवटा 'भर्टिकल ट्याङ्क' र ७० किलोलिटरको भूमिगत ट्याङ्क तथा पेट्रोल भण्डारणका लागि सात सय ६० किलोलिटरको एक भर्टिकल ट्याङ्क र ७० किलोलिटरको भूमिगत ट्याङ्कसहितको संरचना छन् ।

उक्त मौज्दातबाट सुदूरपश्चिम प्रदेशका लागि सात दिनको मात्र माग धान्नेछ । धनगढी डिपोले सुदूरपश्चिम प्रदेशका कैलाली, कञ्चनपुर, डडेल्धुरा, बैतडी, दार्चुला, बझाङ, डोटी, अछाम र बाजुरा जिल्लामा पेट्रोलियम पदार्थ आपूर्ति गर्दै आएको छ । रासस


# गण्डकी प्रदेश महोत्सव : मुख्य आकर्षण 'अन्डरवाटर फिस टनेल'

नवलपुर । नेपाल उद्योग वाणिज्य महासङ्घ गण्डकी प्रदेशको आयोजनामा नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को गैँडाकोटमा सञ्चालन हुन लागेको महोत्सवमा नेपालमा पहिलो पटक 'अन्डरवाटर फिस टनेल' राखिने भएको छ । गैँडाकोट-२ स्थित नारायणी नदी किनारमा सञ्चालन हुने 'दोस्रो गण्डकी प्रदेश महोत्सव-२०८१' मा नेपालमै पहिलो पटक पानी भरिएको टनेलभित्र गएर माछा हेर्ने व्यवस्था गर्न लागिएको हो । महोत्सवभित्र दुई सय फिट लम्बाइ तथा ६० फिट चौडाइ भएको टनेलमा विभिन्न प्रकारका माछा राखेर हेर्ने व्यवस्था गर्न लागिएको राजधानी एम्युजमेन्ट राइट्स नेपालका व्यवस्थापक अभय चौधरीले जानकारी दिनुभयो ।

"यो टनेल हेर्नका लागि नेपालबाट बर्सेनि धेरै मान्छे दुबई जाने गरेका छन्" उहाँले भन्नुभयो, "दुबईमा देख्न पाइने टनेलको माछा अब गैँडाकोटमा सञ्चालन हुने महोत्सवमा देख्न पाइन्छ, यो नेपालमै पहिलो र एकमात्रै प्रविधि हो ।"

टनेलभित्र पानीमा राखिने माछाको लम्बाइ ६ फिटसम्मको हुने भन्दै चौधरीले ती माछाहरु चीनबाट ल्याइएका तथा विभिन्न रङ्ग र आकारका भएका बताउनुभयो । टनेलभित्र एकैपटक पाँच सय जना मान्छे प्रवेश गरेर माछा हेर्ने व्यवस्था गर्न डोम निर्माण भइरहेको उहाँले जानकारी दिनुभयो ।

"अहिले धमाधम टनेल निर्माणको गर्ने काम भइरहेको छ" उहाँले भन्नुभयो, "एसिसहितको



टनेलमा छुट्टाछुट्टै डोम राखेर माछा राख्दैछौँ, यो महोत्सवको विशेष आकर्षण हुनेछ ।" टनेलभित्रको माछासँगै यस महोत्सवमा विभिन्न मनोरञ्जनात्मक खेल, सांस्कृतिक कार्यक्रम एवं घरायसी उपभोग्य र अटो तथा सूचना प्रविधिसम्बन्धी प्रदर्शनी कक्ष रहनेछन् ।

अहिले महोत्सवस्थलमा प्रदर्शनी कक्षसहित विभिन्न जातजातिको सांस्कृतिक घर, बाल उद्यान, प्रवेशद्वार निर्माणसहितका काम भइरहेका उहाँले बताउनुभयो । दोस्रो संस्करणको महोत्सवमा औद्योगिक तथा व्यापार मेला, हस्तकला मेला, कृषि मेला, पुष्पमेला, अटोमेला, सूचना तथा प्रविधिको प्रदर्शनी, दैनिक उपभोग्य वस्तु तथा घरायसी सामान, लत्ताकपडा, शृङ्गारका सामानलगायतका तीन सयभन्दा बढी स्टल रहने महोत्सवका मूल संयोजक एवं नेपाल उद्योग वाणिज्य महासङ्घ गण्डकी प्रदेशका अध्यक्ष अमृत भट्टचनले जानकारी दिनुभयो । सिङ्गो गण्डकी प्रदेशलाई मेलामार्फत जोड्न तथा पर्यटन प्रवर्द्धन गर्नका लागि यो महोत्सव आफैमा महत्वपूर्ण भएको उहाँले दाबी गर्नुभयो ।

महोत्सवमार्फत नवलपुरका पर्यटकीय क्षेत्रको प्रवर्द्धनसँगै सम्भावनाको खोजी गरिने, नवलपुरको त्रिवेणीधामदेखि पोखरा हुँदै मुक्तिनाथ मन्दिरसम्मको धार्मिक पर्यटकीय करिडोरको प्रचारप्रसार गर्ने, त्रिवेणी-कोरला राजमार्गको दिगो सञ्चालन, दुवै ठाउँमा अन्तर र्राष्ट्रियस्तरको भन्सार कार्यालय स्थापनाका लागि सरोकारवालाई ध्यानाकर्षण गराउनु मेलाको प्रमुख उद्देश्य भएको भट्टचनले बताउनुभयो । कात्तिक २६ गते सुरु भएर मङ्सिर १० गतेसम्म सञ्चालन हुने महोत्सवमा रु एक करोड ७० लाखको कारोबार हुने तथा रु ३० लाख बचत हुने अनुमान गरिएको मूल संयोजक भट्टचनको भनाइ छ ।

एक लाख भन्दाबढी दर्शकले अवलोकन गर्ने लक्ष्य लिइएको महोत्सव प्रवेशका लागि रु ८० तथा विद्यार्थीको लागि रु ५० को टिकट एवं ७० वर्षभन्दा माथिका ज्येष्ठ नागरिकलाई निःशुल्क प्रवेशको व्यवस्था मिलाइएको उहाँले जानकारी दिनुभयो । रासस

# जलवायु परिवर्तन प्रभावको असर विदेशी पर्यटक चरामा

बेलबारी । हिउँद सुरु भएसँगै जाडो छल्न पर्यटक चरा नेपाल आउने गर्छन् । चैत अन्तिमसम्म जाडो छल्न नेपालमा रहने विदेशी पर्यटक चरामा पछिल्लो समय जलवायु परिवर्तनको प्रभाव देखिन थालेको छ ।

जलवायु परिवर्तन प्रभावका कारण आवास परिवर्तन, खाद्य चक्रको परिवर्तन, प्रवासनको समय परिवर्तन, रोग र परजीवीहरूको वृद्धिलगायत समस्याले आगन्तुक चरामा असर पुगेको देखिन्छ । उपयुक्त वातवारण अभावमा आगन्तुक पर्यटक चराको सङ्ख्यामा कमी देखिन थालेको कोशी टप्पु लर्निङ ग्राउण्ड्समा कार्यरत प्राकृतिक पदप्रदर्शक चरा जानकार अनिश तिम्सिना बताउनुहुन्छ । "जलवायुको असरसँगै सरकारी निकायबाट चरा तथा वन्यजन्तुको उचित बासस्थान साथै आहाराको व्यवस्थापन आवश्यक छ", तिम्सिना भन्नुहुन्छ ।

सिमसारलगायत चराको उपयुक्त बासस्थानमा विभिन्न किसिमका मिचाहा वनस्पतिलाई व्यवस्थित गरी रैथाने प्रजातिका वनस्पतिको संरक्षणमा सबै लाग्नुपर्ने चरा जानकार तिम्सिना बताउनुहुन्छ । खेतबारीमा लगाइएको अन्नबालीमा बढ्दो विषादी प्रयोगले चरालाई सङ्कट बढ्दै गएको हुँदा सबै सरोकारवाला निकायको त्यसतर्फ ध्यान जान जरुरी रहेको तिम्सिनाको भनाइ छ ।

कोशीटप्पु वन्यजन्तु आरक्ष चराको राजधानीजस्तै मान्ने गरिन्छ । देशभरि पाइने आठ सय ९५ चरामध्ये हाल यहाँ पाँच सय ३५ चरा फेला परिसकेका छन् । कोशी बर्ड सोसाइटीको अगुवाइमा भएको जलपक्षी गणना सन् २०२३ मा कोशीटप्पु वन्यजन्तु आरक्षमा ५८ प्रजातिका १३ हजार छ सय ६८ को सङ्ख्यामा चरा आएको तथ्याङ्क छ । "नेपालमा पाइने सबै प्रजातिका चरा पनि वर्षभरि नै नेपालमा रहन्छन् भन्ने हुँदैनन्", बर्ड वाचिङ क्याम्प कोशी टप्पुका सञ्चालक कुरमान मन्सुरीले भन्नुभयो, "नेपालमा हिउँदमा आउने हिउँदे आगन्तुक र वसन्त ऋतुको आगमनसँगै आउने आगन्तुक पाहुना चराको बसाइँसराइ वर्षभरि नै निरन्तर चलिरहन्छ ।"

कोशी टप्पुमा बर्सेनि नयाँनयाँ प्रजातिका चरा आउने क्रम थपिए पनि विगत वर्षमाझैँ झुण्डझुण्डमा आउने चराको सङ्ख्यामा भने कमी आएको मन्सुरी बताउनुहुन्छ । उहाँका अनुसार कोशीटप्पुकै आसपासको बर्जुताल र मोरङको बेतना सिमसारमा भने अझै पनि पाहुना चरा झुण्डमै आउने गरेको पाइएको छ ।

मोरङको बेलबारी नगरपालिकास्थित वेतना सिमसार वन उपभोक्ता समितिका अध्यक्ष शम्भु भट्टराईको अनुसार कोशी टप्पुमा आउने प्रायःजसो पाहुना चरा यहाँ पनि आइपुग्छन् । नेपालका विभिन्न भागबाट साथै दक्षिण भारत र साइबेरियासम्मका चरा वेतनामा मज्जाले हेर्न पाइन्छ ।रासस

# किरात संस्कृतिको संरक्षण गर्न साखेवा सिली प्रशिक्षण

भोजपुर । भोजपुरमा किरात संस्कृतिलाई बचाउन साखेवा सिली प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको छ । पराम्परातगत रुपमा गर्दिँ आएका प्रचलनको संरक्षणसँगै संस्कार संस्कृतिलाई नयाँ पुस्तासम्म पुऱ्याउने लक्ष्यले भोजपुरको टेम्केमैयुङ-४ नागीले प्रशिक्षण कार्यक्रम सञ्चालन गरेको हो ।

किरात रीतिरिवाजको संरक्षणसँगै संस्कार संस्कृतिलाई नयाँ पुस्तासम्म पुऱ्याउने लक्ष्यले पाँचदिने साखेवा सिली प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको टेम्केमैयुङ-४ का वडाध्यक्ष हर्कराज राईले बताउनुभयो । प्रशिक्षण कार्यक्रममा ६० जनाले सहभागिता जनाएका छन् । मुख्य रुपमा तीन वटा सिलीको प्रशिक्षण गरिएको हो । आधुनिक प्रविधिको विकाससँगै पराम्परागत चलन लोप हुने खतरा बढ्दै गएकाले नयाँ पुस्तालाई जागरुक गराउन प्रशिक्षण दिएको




उहाँले बताउनुभयो ।

"किरात संस्कृतिको संरक्षण तथा विकास गर्ने लक्ष्यले साखेवा सिली प्रशिक्षण कार्यक्रम सञ्चालन गरेका हौँ", वडाध्यक्ष राईले भन्नुभयो, "पुर्खाले गरी ल्याएको चलनलाई संरक्षण गर्दै नयाँ पुस्तासम्म पुऱ्याउन यसले भूमिका खेल्नेछ ।"
परीक्षण कार्यक्रममार्फत आप्तुवारुङ सिली, चासुम सिली र तायामा खियामा सिलीको विषयमा मुख्य रुपमा जानकारी दिइएको प्रशिक्षक शरणबहादुर राईले बताउनुभयो । यस्ता प्रशिक्षण कार्यक्रमले भाषा, संस्कार सस्कृतिको संरक्षण गर्दै पुर्खाले मान्दै आएका चलनको संरक्षण तथा विकासको टेवा पुग्ने उहाँको भनाइ छ ।

"पछिल्लो अवस्थामा युवायुवतीले आफ्नो चालचलन रहनसहनलाई भुल्दै गएको अवस्था छ", उहाँले भन्नुभयो, "जसका कारण पुराना चलन लोप हुने खतरा बढ्दै गएको छ । नयाँ पुस्तालाई अद्यावधिक गराउन साखेवा प्रशिक्षण कार्यक्रम सञ्चालन गरेर आवश्यक ज्ञान सीप प्रदान गरेका छौँ ।"

सहभागीलाई श्रव्य, दृश्य तथा अभ्यास गराएर विभिन्न किरात सिलीको महत्व तथा नाच्ने तरिका बारेमा प्रशिक्षण दिइएको किरात राई वान्तावा खिम भोजपुरका अध्यक्ष लालबहादुर वान्तवा राईले बताउनुभयो । किरात रीतिरिवाजसम्बन्धी ज्ञान भएका पुराना पुस्ता सकिँदै गइरहेकाले भावी पुस्तालाई आफ्नो संस्कारप्रति सक्रिय बनाउन कार्यक्रमको आयोजना गरिएको उहाँको भनाइ छ ।

वडाको पहलमा गरिएको प्रशिक्षण कार्यक्रमले भाषा, संस्कार, संस्कृतिको संरक्षण टेवा पुग्ने सहभागीले बताएका छन् । विभिन्न अवसरमा साखेवा सिली नाचिने भए पनि कतिपयले यसको महत्वको तथा नाच्ने तरिका नजानी नाच्ने गरेकाले प्रशिक्षण कार्यक्रम गरिएको आयोजकले जनाएको छ ।

वडाले रु एक लाख ४० हजार बजेट विनियोजन गरेर किरात राई वान्तावा भाषा तथा संस्कार र साखेवा सिली प्ररिक्षण कार्यक्रम सञ्चालन गरेको हो । रासस

# 'तराई-मधेशमा छठ पर्व मनाइने शैली अझै विशेष लाग्यो'



**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले तराई-मधेशको छठ पर्व मनाइने शैली अझै विशेष र आकर्षक लागेको बताएका छन् ।

महापर्व छठ हेर्न जनकपुरधामदेखि वीरगञ्जसम्ममा विभिन्न छठ घाटको अवलोकन गर्न परिवारका सदस्यसहित भ्रमणमा रहेका पूर्वमन्त्रीथापाले तराई-मधेसको छठ पर्व सहभागी हुने रहर पहिलादेखि भए पनि यसपाली पूरा भएको बताए ।

बिहीबार दिउँसो जनकपुरधामको विभिन्न तलाउमा छठ घाटको अवलोकन गरी शुक्रबार वीरगञ्जको घडीअर्वा पोखरीका छठघाटमा उदाउँदो सूर्यलाई अर्घ्य दिने कार्यक्रममा सहभागी पनि भए । सो क्रममा उनले "तराई-मधेसको छठ पर्व हेर्ने पहिलादेखि नै मन थियो । हिजो साँझ सूर्य अस्ताउँदो समयमा जनकपुधामरको छठ हेर्ने अवसर मिल्यो । आज उदाउँदो सूर्यका अवसरमा वीरगञ्जको छठ पर्व हेर्न पाइयो", महामन्त्री थापाले भने, "यहाँको छठ पर्व निकै व्यवस्थित र भव्य लाग्यो । एकदमै आनन्दको अनुभूति भयो ।"

महामन्त्री थापाले काठमाण्डुको भन्दा तराई-मधेशको छठ पर्व मनाउने शैली अझै विशेष रहेको बताए । "काठमाण्डुको कमलपोखरीमा हामी आफैँ संलग्न भएर छठ पूजा गर्न थालेको त १२-१३ वर्ष भइसक्यो । छठपर्वसंग जोडिएको विधि र उत्साहका विषयमा त जानकार नै छु", उनले भने, "विगतमा हामीले सञ्चालन गरेकाले पनि थाहा नै छ ।"

महामन्त्री थापाले जनकपुरधाम र वीरगञ्जमा छठ पर्वको आ-आफ्नै विशेषता रहेको बताए । "सुरुवाती चरणमा वीरगञ्जको घडीअर्वा पोखरीको गेटभित्र छिर्नेबित्तिकै त सजावट देखेर आनन्द लाग्यो । यहाँ त अनुमान गरेकोभन्दा पनि धेरै आकर्षक बनाइएको रहेछ", उनले भने, "काठमाण्डुको कमलपोखरीमा पनि सजावट हुने गरे पनि त्यहाँकोभन्दा भव्य र सभ्य रहेको पाए ।"

# 'मधेश प्रदेश सरकार परिवर्तनको हल्लामा सत्यता छैन'

**टुडे समाचारदाता**

राजविराज । मुख्यमन्त्री सतीशकुमार सिंहले सरकार परिवर्तनको हल्लामा कुनै सत्यता नरहेको दाबी गरेका छन् ।

गृहनगर राजविराजमा शुक्रबार आयोजित पत्रकार सम्मेलनमा बोल्दै मुख्यमन्त्री सिंहले सत्तागठबन्धन दलहरुसंग आपसी विश्वास र समन्वय भइरहेकाले हल्लाको पछि नलाग्न आग्रह गरे ।

विभिन्न दलको सहभागितामा बनेको वर्तमान सरकारमा आपसी विश्वास र समन्वय रहेको दाबीका साथ उनले सरकारमा जानका लागि कुनै दलले प्रयास गर्दैमा सरकार नढल्ने उनको दाबी छ ।

सात वर्षसम्म सरकारको नेतृत्व गरेको जसपा नेपालतर्फ लक्षित गर्दै उनले फेरी पनि सत्तामा जान चाहनु आश्चर्य नरहेको भन्दै बलियो बहुमतका साथ रहेको आफ्नो नेतृत्वको सरकारलाई केही फरक नपर्ने जिकिर गरे ।

जनताका समस्यालाई मध्यनजर गर्दै काम गर्नका लागि आफू नेतृत्वको सरकार लागि परेको दाबीका साथ उनले विभिन्न दलको सहभागिता रहेका कारण मिलाएर लैजाने क्रममा चाहेको अनुरुप काम गर्न नसकेको समेत बताए ।

"तथापि, हामीहरु काम गर्नका लागि प्रतिबद्ध छौं उनले भने, सबैको एकैनासको कार्य क्षमता नहुन सक्छ ।" विगतका सरकारको पालामा प्रक्रिया नपुर्‍याई गरिएको नियुक्तिका कारण पनि काम गर्न अफ्ठ्यारो भइरहेको भन्दै मुख्यमन्त्री सिंहले विगतका कमिकमजोरी सुधारका लागि आफू छानबिनमा समेत लागेको जानकारी दिए ।



> मधेश प्रदेश कृषि विश्वविद्यालयमा १० लाख मात्र न्युन बजेट छुट्याइएको विषयमा राखिएको जिज्ञासामा उनले कर्मचारीले गरेको त्रृटीका कारण यस्तो हुन गएको स्पष्ट पारे । विश्वविद्यालको खातामा अहिले पनि २५/३० करोड रुपैयाँ रहेका कारण काममा कुनै बाधा नपर्ने उनको कथन थियो ।

मधेश प्रदेश कृषि विश्वविद्यालयमा १० लाख मात्र न्युन बजेट छुट्याइएको विषयमा राखिएको जिज्ञासामा उनले कर्मचारीले गरेको त्रृटीका कारण यस्तो हुन गएको स्पष्ट पारे । विश्वविद्यालको खातामा अहिले पनि २५/३० करोड रुपैयाँ रहेका कारण काममा कुनै बाधा नपर्ने उनको कथन थियो ।

विगतमा प्रक्रिया मिचेर विश्वविद्यालयको रजिष्टार नियुक्ति गरिएको भन्दै उनले त्यहा काममा भन्दा पनि कमिशनको खेल बढी हुने गरेको दोषारोपन समेत गरे ।

प्रदेशमा रोजगारी सृजनाका लागि आफूहरुको ध्यान केन्द्रित रहेको बताउँदै उनले महिलालाई समेटेर कृषि क्षेत्रको आधुनिकीकरण र रोजगारी उपलब्ध गराउने योजना रहेको जानकारी समेत दिए । मधेश प्रदेशमा रहेको साक्षरताको न्यून अवस्थालाई उकास्न शिक्षा नीति तयारी गर्ने र सोही अनुसार अघि बढ्ने योजना समेत मुख्यमन्त्री सिंहले सुनाएका छन् ।

नेपाल पत्रकार महासंघ सप्तरीका सभापति श्रवण कुमार देवको अध्यक्षतामा पत्रकार सम्मेलनको भएको थियो ।

# 'कुस्ती खेल मधेसको सांस्कृतिक धरोहर हो'

**टुडे समाचारदाता**

वीरगञ्ज । खानेपानीमन्त्री प्रदीप यादवले कुस्ती खेल मधेश प्रदेशको सांस्कृतिक धरोहर भएकाले संरक्षण गर्नुपर्ने बताएका छन् । उनले वीरगञ्जवासीले कुस्तीलाई संरक्षण गर्न आग्रह गरे ।

वीरगञ्जमा शुक्रबार विराट कुस्ती प्रतियोगिताको उद्घाटन गर्दै मन्त्री यादवले कुस्ती मधेशको संस्कृति, परम्परा र इतिहाससंग जोडिएको खेल भएको बताए । कुस्ती खेल साहस, अनुशासन तथा शक्ति प्रदर्शनको उदाहरण प्रस्तुत गर्ने अद्भुत मञ्च भएको मन्त्री यादवले बताए ।

कुस्ती खेल मनोरञ्जनको माध्यम मात्र नभएर हाम्रो पहिचान र अस्मितासंग जोडिएको छ,' मन्त्री यादवले भने, 'कुस्ती हाम्रो समाजको पुरानो परम्परा हो, यसलाई जगेर्ना गरेर आधुनिक पुस्तामा हस्तान्तरण गर्न आवश्यक छ । यस्ता प्रतियोगिताहरूले युवा पुस्तामा कुस्ती खेलप्रतिको आकर्षण बढाउन, उनीहरूको शारीरिक तन्दुरुस्ती सुधार्न र खेलकुदमा भविष्य खोज्न सहयोग पुर्‍याउँछ ।'



उनले कुस्तीजस्ता समाजसँग जोडिएका प्रतियोगिताहरूले समुदायमा खेलकुदको महत्त्वलाई पुनर्स्थापित गर्नुका साथै समाजलाई एकताबद्ध गर्न सहयोग पुर्‍याउने बताए । 'स्थानीय प्रतिभाहरूलाई अवसर र प्रोत्साहन दिनु आजको आवश्यकता हो । यस्तो प्रतियोगिताले युवाहरूलाई गलत बाटोमा नलागी खेलकुदमा लाग्न प्रेरित गर्छ, जुन स्वस्थ समाज निर्माणको महत्त्वपूर्ण आधार हो,' उनले भने ।

जनता समाजवादी पार्टी (जसपा) को उपमहासचिवसमेत रहेका मन्त्री यादवले कुस्तीको संरक्षण र प्रबर्द्धन गर्नु आवश्यक रहेको बताए । उनले भने, 'हाम्रो संस्कृति र परम्परालाई जीवित राख्न कुस्ती जस्तो खेललाई संरक्षण गर्नुपर्छ । यसका लागि सरकारको साथसाथै स्थानीय तह र समुदायको सक्रिय सहभागिता अनिवार्य छ ।'

वीरगञ्ज महानगरपालिका र इनरवा महावीर संरक्षक समाजको सहकार्यमा वीरगञ्ज महानगरपालिका - १६ नगवास्थित महावीर मन्दिरमा आयोजित प्रतियोगितामा पर्सा, बारा, रौतहटलगायतका भारतका विभिन्न स्थानबाट आएका खेलाडीहरूले सहभागिता जनाएको बताइएको छ । वीरगञ्ज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले कुस्ती प्रतियोगिताजस्तो खेल आयोजनाले महानगरको खेलकुद क्षेत्रमा ठूलो योगदान पुर्‍याएको बताए ।

# प्रेमी खोज्दै बंगलादेशी महिला मलंगवामा

**बखतियार अलि**

मलंगवा । वैदेशिक रोजगारमा बस्दा बंगलादेशी नागरिक मो. नसिरका ३० वर्षीय छोरी नसिमा अख्तरलाई नेपालको सर्लाही जिल्ला सदरमुकाम मलंगवा वडा नम्बर ३ का साहिद अलिका छोरा ३१ वर्षीय सदाम भनिने आसिफ मिकरानीले विवाहको प्रलोभनमा पार्दै ५० लाख रुपैयाँ ठगेर फरार भएको आरोप लागेको छ ।

लाखौं रुपैयाँ लिएर फरार भए पछि उनलाई खोज्दै बंगलादेशी महिला मलंगवा आइपुगेकी छन् । बंगलादेशी चेली अख्तर तथा नेपाल मलंगवा बस्ने मिकरानीको केही वर्ष पहिला वैदेशिक रोजगारको क्रममा दोहा कतारमा भेट भएका थिए । दुबै जना एकअर्कालाई असाध्यै



माया गरेको थियो । हामी दुवै जनाले सँगै जिउने, सँगै मर्ने कसमसमेत खाएको बंगलादेशी नागरिक अख्तरले बताइन् । आफुलाई विवाह गर्ने भनेर प्रलोभन देखाई मैले कमाएको ५० लाख नेपाली रुपैयाँ लिएर आसिफ फरार भएपछि उसलाई खोज्दै नेपाल आइपुगेको उनले बताइन् । केटाको साविक घर भएको सदरमुकाम मलंगवा वडा नम्बर ३ मा जाँदा उसले विवाह गरिसेको थाहा पाएपछि आफूले दिएको सो रकम फिर्ता गर्नुपर्ने वा आफूसंग विवाह गर्नु भनेर बंगलादेशी महिला अखतरले शर्त राखे पछि आरोपी आसिफ फरार भएका छन् ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीका अनुसार बंगलादेशी महिलाले प्रहरीमा उजुरी गरेपछि हामीले केटालाई खोजी रहेको जनाएको छ ।

तर सर्लाही प्रहरीले भने बंगलादेशी नागरिक अख्तरसंग आसिफ भन्ने व्यक्तिले पैसा ठगेको कुनै प्रमाण नरहेको पनि जनाएको छ । बंगलादेशी नागरिक अख्तरलाई मलंगवास्थित सेफ हाउसमा राखिएको सर्लाही प्रहरीका प्रहरी नायब उपरिक्षक दिपक श्रेष्ठले बताए ।

# राप्रपा नेपालको प्रदेशस्तरीय सम्मेलन वीरगञ्जमा



**टुडे समाचारदाता**

जनकपुरधाम । राप्रपा नेपालको तराई मधेश सम्मेलन यही कार्तिक २६ र २७ गते पर्साको वीरगञ्जमा आयोजना हुने भएको छ ।

दुई दिनसम्म चल्ने सम्मेलनमा पार्टी अध्यक्ष कमल थापाले राजनीतिक कार्यपत्र प्रस्तुत गर्ने र कार्यक्रम आयोजनाको सम्पूर्ण तयारी पूरा भएको पार्टीका उपाध्यक्ष राजीव पराजुलीले जानकारी दिए ।

सो सम्मेलनमा तराई मधेशको आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिमा केन्द्रित रही महत्वपूर्ण छलफल गर्ने कार्यतालिका रहेको छ । पार्टीका अर्का उपाध्यक्ष धीरेन्द्र झाले मधेशको विकास र समृद्धिमा देखिएको सम्भावना र चुनौतीका बारेमा कार्यपत्र पेस गर्नेछन् ।

तराई मधेश क्षेत्रका २२ जिल्लाबाट २५० प्रतिनिधिहरूको सम्मेलनमा सहभागिता रहने महामन्त्री राजाराम बर्तौलाले जानकारी दिए । एजेन्डाको दृष्टिकोणबाट तराई मधेश क्षेत्रलाई राप्रपा नेपालले आफ्नो उर्वर भूमि मानेर विशेष महत्त्व दिँदै आइरहेको छ ।

# प्रधानाध्यापकविरुद्ध प्रहरीले थाल्यो अनुसन्धान

**टुडे समाचारदाता**

रौतहट । रौतहटको चन्द्रपुर नगरपालिकाको नक्कली लेटरप्याड, किर्ते दस्तखत र छाप किर्ते गरी एक विद्यालयका प्रधानाध्यापकले राष्ट्रिय वाणिज्य बैंकबाट भवन निर्माणको रकम निकालेको भन्दै प्रहरीले अनुसन्धान थालेको छ ।

श्रीआधारभूत प्राथमिक विद्यालयका प्रधानाध्यापक किशोरी चौधरीले भवन निर्माणका लागि आएको रकमबाट २० लाख रुपैयाँ अपचलन गरेको रहस्य खुलेको थियो । सोबारे इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरले अनुसन्धान थालेको छ ।

प्रधानाध्यापक चौधरीले नगरपालिकाको नक्कली लेटरपयाट, छाप, चलानी नम्बर र किर्ते हस्ताक्षर दुरुपयोग गरी रकम अपचलन गरेको विषयमा अनुसन्धान अघि बढाइएको डीएसपी राजकुमार राईले बताए ।

उनले प्रधानाध्यापकले किर्ते गरेको भनिएका सबै कागजातहरु प्रहरीले झिकाइसकेको बताए।नगरपालिकालेप्रधानाध्यापक चौधरीको सम्बन्धमा थप अनुसन्धान कारबाहीको लागि लेखी पठाएपछि प्रहरीले शुक्रबार मुद्दा दर्ता गरी प्रक्रिया अघि बढाइएको छ ।




चार कोठे विद्यालय भवन निर्माणका लागि राष्ट्रिय योजना आयोगले विशेष अनुदानको रुपमा नगरपालिकालाई ५० लाख रुपैयाँ दिएको थियो । भवन निर्माणको कामको भुक्तानी विद्यालयबाट हुने गरी नगरपालिकाले ब्यवस्था मिलाएको थियो ।

प्रधानाध्यापकले रकम हिनामिना गर्ने आशंकामा तत्कालीन प्रमुख प्रशासकीय अधिकृत हरिलाल पुरीले बैंकलाई पत्र पठाई सबै रकम रोक्का राखेका थिए । सो भवन निर्माणको ठेक्का चन्द्रपुर-१ स्थित ब्रम्हबाबा कन्स्ट्रक्सनले लिएको थियो । उसले ०८० असार २० गते सम्झौता गरी निर्माण कार्य सुरु गरेको थियो ।

गएको असारको पहिलो साता निर्माणको काम सम्पन्न भइसकेको छ । भवन निर्माणको रकम निर्माण ब्यवसायीलाई भुक्तानी गर्नुको बदला प्रधानाध्यापक चौधरीले ०८० पौष १८ गते २० लाख निकालेर निजी प्रयोजनमा खर्च गरेको नगरपालिकाले फेला पारेको छ ।

निर्माण कार्यको रनिङ बिलको रकम दुई पटक भुक्तानी गर्दा कट्टा भएको मूल्य अभिवृद्धि कर ३ लाख ३८ हजार ४ सय ७३ रुपैयाँ समेत आन्तरिक राजश्व कार्यालयमा जम्मा नगरी चौधरीले अपचलन गरेको नगरपालिकाले जनाएको छ ।

प्रधानाध्यापक चौधरीले भने नगरपालिकाले नै फुकुवा गरेपछि आफूले रकम निकालेको दाबी गरेका छन् ।

ऋद्धि सिद्धि बचत तथा ऋण सहकारी संस्था लि.
मि.न.पा.-६, ढल्केवर, धनुषा

सूचना ! सूचना !! सूचना !!!

ऋद्धि सिद्धि बचत तथा ऋण सहकारी संस्था लि. ढल्केवरको १७ औं वार्षिक साधारण सभा यही मिति २०८१/०७/२८ गते बुधबारका दिन दिउँसो १:०० बजे ऋद्धि सिद्धि बचत तथा ऋण सहकारी संस्थाको प्राङ्गनमा हुने भएकोले सो साधारण सभामा सम्पूर्ण शेयर सदस्य, बचतकर्ता, ऋणीज्यूहरुलाई उपस्थित भई दिनु हुन अनुरोध गर्दछु ।

अध्यक्ष
मो.नं. ९८५४०२६७२९
ऋद्धि सिद्धि बचत तथा ऋण सहकारी संस्था लि.
मि.न.पा.-६, ढल्केवर, धनुषा

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८